# अध्याय एक

# शोध परिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको सस्वरवाचन क्षमता अध्ययन" रहेको छ ।

## १.२ शोध प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह नेपाली दोस्रो वर्षको पाठ्यांश ५९८ को उद्देश्य पूरा गर्ने प्रयोजनको निमित्त प्रस्तुत गरिएको छ ।

## १.३ समस्याकथन

भाषा शिक्षण भाषिक सिपहरूको शिक्षण हो । सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये सस्वरपठन मूलतः पढाइको एक महत्वपूर्ण पक्ष हो । पढाइ भनेको लिपिवद्ध भाषमा उतारिएको ज्ञान एवं सूचनालाई पाठकद्वारा आफ्नो मष्तिष्कले सङ्गठित गर्ने सिप हो । सामान्य लिखित सामग्रीलाई आवाज निकालेर पढ्नु नै सस्वरवाचन हो तर लिखित सामग्रीलाई आवाज निकालेर पढिदिंदामा सस्वरवाचनको आवश्यकता पूर्ति हुँदैन । यसमा आवाज लगायत गति, यति सुर, आवाज, हाउभाउ आदिको समेत ख्याल गर्नु पर्ने हुन्छ । त्यति मात्र होइन लेख्य भाषामा उत्रिन नसकेका अनि

सस्वरपठन गर्दा व्यक्त गर्न खोजेको मूल कुरा प्रष्ट पार्ने भाषिक तत्त्वहरूलाई समेत ध्यान दिनु पर्ने हुन्छ । साथै सस्वरपठनमा श्रोता र शब्दोच्चारणको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । बोलाइ अभिव्यक्तिको सशक्त माध्यम हो । हुन त लेखाइ पनि अभिव्यक्तिलाई स्थिरता संचिता र चिरस्थायी बनाउने माध्यम हो तर बोली आफैंमा भाषाको सर्वाङ्गपूर्ण विशेषता निहित भएको माध्यम हो । यही बोलाइकै औपचारिकता र नियन्त्रित रूप पढाइ हो जसले लिपिवद्ध भाषिक अभिव्यक्तिलाई सजीवता र जीवन्तता बनाइ दिन्छ र श्रोताको ध्यानाकर्षण गरी रोचकता समेत थपिदिन्छ ।

त्यसबाट नै सस्वर पठनको सक्षमता र कुशलताको भाव सङ्केत भएको देखिन्छ । यी समग्र कुराहरूलाई मध्यनजर राखी पढ्नु सस्वरपठन हो तर सबैको परिचालन गरी पढ्ने सामर्थ्यको विकास भएको पाईंदैन । त्यसैले यसलाई प्रमुख समस्याको रूपमा लिन सकिन्छ । लिखित सामग्रीलाई अर्कालेे सुन्ने गरी वाक्य भाषाको ढंग ढाँचा अनुसार आवाज निकाली पढ्नु सस्वर हो । यसमा लिखित सामग्री बोलीमा परिणत हुन्छ ।

नेपाली पहिलो भाषाको रूपमा सिक्ने विद्यार्थीहरूमा पनि मानक नेपाली सिक्दा प्रशस्त समस्या परेको देखिन्छ भने नेपाल जस्तो बहुभाषिक र बहुजातीय मुलुकमा त आ-आफ्नो भाषापरिवारभित्र आफ्नै किसिमका समस्या र आफ्नै किसिमका वैयक्तिकपन छँदैछन् । बोलीमा आफ्ना भाषिकागत प्रभावले केही अशुद्धता हुने स्थितिमा जम्मा आफ्नो पारिवारिक भाषाले पार्ने प्रभावले सस्वर वाचनमा झन बढी प्रभाव पार्दछ र सस्वर पठन कठिन हुन जान्छ । फेरि सस्वर पठन सिप विकासको प्रारम्भिक चरण र ज्ञान आर्जनको पहिलो खुड्किला पनि हो । यस्तो स्थितिमा शिक्षार्थीहरूमा विस्तारै विस्तारै गर्दै वाक्य, अनुच्छेद र समग्र पाठलाई सस्वर गर्ने क्रममा प्रसस्तै समस्याहरू देखा पर्दछन् ।

लेख्यभाषा औपचारिक, कृतिम र नियन्त्रित प्रकृतिका हुने भएकोले यसमा कथ्य भाषाको जस्तो स्थानीयताको प्रभाव पाईंदैन । एकातिर अरुले बुझ्ने गरी हाउभाउपूर्ण शुद्धता र स्पष्टताको पढ्ने बानीको विकास गर्न सस्वर पढाइको अभ्यास गराउनु पर्दछ भने अर्कातिर सस्वरपठनमा

ध्यान दिनु पर्ने विभिन्न्न कुराहरूको ख्याल पनि उत्तिकै पुऱ्याउनु पर्ने हुन्छ जसबाट मात्र लेख्य भाषाले व्यक्त भएको कुरा पढाइबाट बुझ्न सकिएन भने त्यो पढाइ निरर्थक र औचित्यहीन हुन जान्छ । पढाइका केही महत्त्वपूर्ण पक्षहरूमध्ये मौखिक अभिव्यक्ति पनि एक महत्त्वपूर्ण पक्ष हो । मौखिक भाषा उच्चार्थ र श्रवणको विषय हो, मौखिक वा कथ्य भाषाको वक्ता आफ्नो कुरा बुझ्न र बुझाउन उच्चार्थ ध्वनिको प्रयोग गर्दछ र श्रोता ती ध्वनिका माध्यमबाट वक्ताले भनेका कुरा बुझ्ने गर्दछन् । नेपाली भाषा पहिलो र विशेष गरी दोस्रो भाषाका रूपमा सिक्ने व्यक्तिहरू पारिवारिक कथ्य भाषा उच्चारणदेखि उच्च ओहोदासम्म रहेर पनि आफ्नै भाषाको प्रभाव भेटिन्छ । यसरी शुद्ध रूपमा नेपाली वर्ण, अक्षर, शब्द, वाक्य सस्वर गर्न नसक्नु वा नगर्नु राष्ट्र भाषा नेपाली भएको हाम्रो जस्तो मुलुकमा एक विडम्बना र जटिल समस्याको रूपमा रहेको छ ।

विभिन्न तहमा सस्वर वाचनको विशेष महत्त्व छ । त्यसमा पनि प्राथमिक कक्षामा सस्वर पढाइमा जोड दिनु आवश्यक छ । पढाइको केन्द्रीय पक्ष बोध नै हो । त्यसैले तल्लो कक्षामा विशेष रूपमा सस्वरलाई जोड दिनु पर्ने हुन्छ । सस्वर पढाइले लिखित वा मौखिक दुवै भाषासँग सम्बन्ध राख्ने हुनाले पनि तल्ला कक्षामा यसतर्फ विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ । यसरी एकातिर राष्ट्रभाषा नेपालीको प्रयोग अनिवार्य हुनुपर्ने र अर्कातिर भाषा शिक्षणका क्रममा दोस्रो भाषा नेपाली भएका विभिन्न भाषिका समुदायको बोलचालको प्रभाव लेख्य सामग्रीको सस्वर वाचनमा परिरहेको छ । सस्वर वाचनमा समस्या देखिएकोले विभिन्न भाषा समुदायका तल्लो कक्षामा अध्ययनरत विशेष गरी कक्षा चारका विद्यार्थीहरूमा केन्द्रित रहेर अध्ययन गर्ने उद्देश्यले कक्षा चारमा अध्यनरत विद्यार्थीहरूको नेपाली सस्वर सम्बन्धी अध्ययनलाई यसको केन्द्रविन्दु बनाई निम्नलिखित समस्याहरू देखाइएको छ ।

) चौथो कक्षामा अध्ययनरत विद्यार्थीहरूको सस्वर वाचन कस्तो छ ?

- उक्त कक्षाका विद्यार्थीहरूको सस्वर वाचन सम्बन्धी अध्ययन के कसरी गर्न सकिन्छ ?
- उक्त कक्षाका विद्यार्थीहरूको सस्वर वाचनको स्तर के कस्तो छ ?
- सस्वर वाचनमा समस्याहरू के कस्ता छन् ? उक्त समस्याका कारण के के हुन सक्छन् ?

## १.४ उद्देश्य कथन

यस अध्ययनका उद्देश्यहरू निम्नलिखित रहेका छन्:

क. कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको सस्वरवाचन क्षमता र स्तर पहिल्याउनु ।

ख. सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको सस्वरवाचन क्षमताको तुलनात्मक अध्ययन गर्नु ।

ग. विद्यार्थीहरूको सस्वर वाचन सम्बन्धी समस्या र तिनका कारण पत्ता लगाइ सुझावहरु प्रस्तुत गर्नु ।

## १.५ अध्ययनको औचित्य र महत्त्व

लिखित सामग्रीलाई बोलीमा परिणत गरी पढ्नु सस्वर पठन हो । यो पढाइ सिप विकासको प्रारम्भिक चरण हो । शुद्ध उच्चारण यसको आधारशिला हो । जसरी उच्चारण आवाजबाट उच्चारित सबै ध्वनिहरू आफैंमा अर्थयुक्त हुँदैनन् त्यसरी नै भाषामा प्रयोग हुने लेख्य चिह्नहरूको मात्र पनि कुनै अर्थ हुँदैन । लेख्य चिह्नहरूलाई सस्वरता दिई अर्थयुक्त बनाएर पाठक समक्ष पुऱ्याउन र पढाइमा गति, यति, लय, सुर, आघात आदिको ख्याल गरी प्रभावपूर्ण हाउभाउको साथ प्रस्तुत गर्न सस्वर वाचनले सहयोग पुऱ्याउने हुँदा यस सम्बन्धी अध्ययन महत्त्वपूर्ण हुनेछ । यस

अध्ययनबाट अर्थयुक्त कुराहरूको क्षमता पहिचान, वर्णन, विश्लेषण, समस्याहरूको पहिचान, त्यसका कारणहरूको पहिचान हुने र सम्बन्धित क्षेत्रमा महत्त्वपूर्ण सुझावहरू प्रस्तुत गरिने भएकोले यो अध्ययन अति महत्त्वपूर्ण हुने देखिन्छ ।

व्यक्तिको साक्षरताको पहिलो खुडकिलो लेख्य भाषालाई पढ्न जान्नु हो । लेख्य भाषा पढ्न जान्नु भनेको उसले ज्ञानको ज्योतिको अर्को ढोका खोल्नु हो ।  त्यसैले सस्वर पठनले विद्यार्थीहरूको पढाइको आधार तयार गर्न आत्मविश्वासको बृद्धि गर्ने उद्देश्यहरू प्रदान गर्न साथै अझ उच्चारणमा सुधार ल्याउने जस्ता कुरामा सहयोग गर्ने र यसको अध्ययन मूलतः प्राथमिक कक्षाहरूमा नै आवश्यक हुने हुनाले उक्त कक्षामा यो अध्ययन औचित्यपूर्ण ठहर्दछ ।

कुनै पनि देशको आफ्नो मानक भाषा नै त्यस राष्ट्रको पहिचानको आधार हो भन्ने कुरालाई कसैले पनि नकार्न सक्दैन तर हाम्रो जस्तो भाषिक विविधता भएको देशमा विशेष गरी दोस्रो भाषा नेपाली हुने व्यक्तिहरूले मानक भाषाको वेवास्ता गरी कथ्य अथवा लेख्य भाषामा आफ्नो भाषाको प्रभाव ल्याएको पाइन्छ जसले उच्चारणका साथै लेख्य भाषाको सस्वर पठनमा देखिएका कमजोर पक्षहरूलाई औंल्याएर शिक्षण क्षेत्रमा सुधार समेत दिने हुनाले यो महत्त्वपूर्ण हुने देखिन्छ । भाषामा सिकाइभन्दा पनि सिपलाई बढी जोड दिइन्छ । भाषिक सिप विकासको केन्द्रियतामा नै अन्य सिपहरू केन्द्रित भएको पाइन्छ । पठन स्पष्ट शुद्ध भएमा नै त्यसबाट सुनाइ बोलाइ अझ लेख्य सिपमा समेत थप मद्धत पुग्न सक्छ । अझ पढाइको मात्र कुरा गर्ने हो भने सस्वर पठनबाट नै पढाइ शुद्ध भएर मौन पठन, द्रुत पठन र पठनबोध सम्बन्धी सिपको विकासमा थप टेवा पुग्दछ र अझ पढाइमा हुने सस्वरतामा शुद्धता र स्पष्टता देखाएमा उच्चारण वर्ण विन्यासमा प्रशस्त मद्धत मिल्ने देखिन्छ ।

उक्त कुराहरूलाई दृष्टिगत गर्दा सस्वर पठन सम्बन्धी अध्ययनबाट यस्ता समस्याहरूको निकास पाइने र भाषिक सिप विकासमा थप अनुसन्धान हुने भएकोले यो अध्ययन महत्त्वपूर्ण हुन जान्छ ।

भावाभिव्यक्तिका विभिन्न क्षेत्रहरूमा हुने मौखिक अभिव्यक्तिका भिन्न विधाहरू प्रसङ्ग, परिवेश अनुसार फरक फरक हुन जान्छन् । त्यसैले कथा, कविता, निबन्ध, नाटक, जीवनी आदि विधा र मौखिक कथनका अन्य फाँटहरूमा समेत सस्वरमा फरकपनको अध्ययन विश्लेषणबाट साहित्यिक विधाहरूको वाचन र मौखिक कथनमा ठोस समस्या समाधानका उपायहरू पत्ता लाग्न सक्ने हुनाले यस सम्बन्धी अध्ययन औचित्यपूर्ण सावित हुने देखिन्छ ।

संक्षेपमा भाषिक सिप विकासका दृष्टिले यस अनुसन्धानले भाषा शिक्षणका क्षेत्रमा थोर बहुत मात्रामा सहयोग मिल्ने आगामी दिनहरूमा पाठ्यक्रम र पाठ्य सामग्री निर्माणमा र यस सम्बन्धी हुने अनुसन्धानमा पनि यसले प्रशस्त सहयोग गर्ने देखिएकाले यो अध्ययन महत्त्वपूर्ण देखिएको छ ।

## १.६ सीमाङ्कन

जुनसुकै अध्ययनको पनि क्षेत्र, परिवेश तथा सामग्री आदिको सम्भाव्यता अनुसन्धानका क्रममा अत्यन्त विस्तृत र व्यापक हुन्छ । त्यसैले अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न कठिनाइ हुने हुँदा अध्ययनको व्यापकता अनि गहिराइलाई निश्चित क्षेत्रमा सीमित गर्नु पर्ने हुन्छ । त्यसकारण

अध्ययनका निश्चित क्षेत्र सीमा नतोकिए अध्ययनले सही मार्ग छाड्दछ । यस कुरालाई हृदयङ्गम गरी प्रस्तुत अध्ययनलाई निम्नानुसार सीमाङ्कन गरिएको छः

- प्रस्तुत अध्ययन पाँचथर जिल्लाका दशवटा विद्यालयमा अध्ययनरत जम्मा १०० जना विद्यर्थीहरूको अध्ययनबाट प्राप्त तथ्यहरूमा सीमित छ ।
- यो अध्ययन कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको नेपाली सस्वरपठन अध्ययनमा सीमित छ ।
- यो अध्ययन सार्वजनिक तथा निजी विद्यालयका चौथो कक्षाका विद्यार्थीहरूको सस्वर पठनमा मात्र सीमित छ ।
- यस अध्ययनका निष्कर्ष विद्यार्थीहरूबाट लिएको परीक्षणबाट प्राप्त नतिजाको विश्लेषणमा मात्र आधारित छ ।

## १.७ पूर्वकार्यको समीक्षा

कुनै कार्य थालनी गर्नुभन्दा पहिले त्यससँग सम्बन्धित आधारहरू के रहेका छन् र हुन सक्छन् भनी विगतको सामान्य सिंहावलोकन गर्नु आवश्यक छ किन भने कुनै कामको आधार विगत हो जसले वर्तमानलाई निर्देशित गरी गतिमान बनाउँछ र अध्ययनलाई प्रसस्तै खुराक प्रदान गरेर उद्देश्यमूलक बनाई सही गोरेटोमा हिंड्न सहयोग प्रदान गर्दछ । त्यसकारण यस अध्ययनसँग पनि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सम्बन्धित केही पूर्व अध्ययनहरूको निम्न लिखित केही अनुच्छेदहरूमा सामान्य समीक्षा गर्ने प्रयास गरिएको छ ।

सस्वर वाचन सम्बन्धी पूर्व अध्ययनहरू खास गरी नेपाली भाषा शिक्षणका क्षेत्रमा हालसम्म अध्ययनले व्यापकता लिइ सकेको छ । निकै सीमित मात्रमा भएका छन् । त्यस्ता केही अध्ययनहरू पुस्तकका कृतिमा नै रहेका छन् । सस्वर वाचनकै शीर्षकमा हालसम्म खास अध्ययनहरू

शोधपत्रका रूपमा चाहिँ देखिँदैनन् । त्यसैले त्यससँग सम्बन्धित प्रत्यक्ष अप्रत्यक्ष अध्ययनहरूलाई नै प्रमुख आधार मानी तिनीहरूको यहाँ उल्लेख भएका छन् ।

अधिकारी (वि.सं.२०५०) द्वारा तेस्रो संस्करणमा **भाषा शिक्षण** नामक पुस्तकमा भाषा शिक्षणका विभिन्न पक्षहरूको चर्चा गर्ने क्रममा सस्वर शिक्षण एक अध्यायमा सस्वर पठनको परिचय यसको आवश्यकता र महत्त्वका बारेमा विस्तृत रूपमा उल्लेख गरिएको छ । यसमा सस्वर पठनको स्तर सस्वर पठनको सन्दर्भमा आवश्यक पर्ने कुराहरू गति, यति, लय, आघात, स्वरप्रसारण सस्वर पठनको अभ्यासका बारेमा परिचय परिभाषा गर्दै आधारभूत कुराहरूको उल्लेख गरिएको छ । यस पुस्तकमा उल्लेखित तथ्यहरू नै यस अध्ययनका लागि आवश्यक सामग्री सङ्कलन र व्याख्या विश्लेषणमा महत्त्वपूर्ण आधारका रूपमा लिन सिकन्छ । प्रस्तुत पुस्तक शिक्षण सन्दर्भमा लेखिएको भए पनि यस शोध अध्ययनको लागि प्रशस्त उपयोगी ठहर्छ किन भने यसमा सस्वर पठनको स्तर कुन तहका लागि कस्तो हुनु पर्छ ? विधा वा पाठ अनुसार गति, यति, लय, स्वरप्रसारण आदि कुन रूपमा हुनु पर्छ ? तथ्यहरूको सङ्कलनमा कुन कुन कुराहलाई हेर्न सकिन्छ भन्ने कुराहरूको स्पष्ट जानकारी पाउन सकिन्छ जुन यसमा अध्ययनको प्रमुख आधार नै हो ।

सस्वर पठनको अभिन्न अंगको रूपमा रहरे उच्चारणका विषयमा पनि प्रशस्त जानकारीहरू समावेश गरिएको छ । शिक्षणीय उद्देश्यले तयार पारिएको प्रस्तुत पुस्तकका जानकारीहरूलाई शोध अध्ययनमा प्रतिस्थापन गरेर हेर्दा यो अत्यन्तै उपयोगी हुने देखिन्छ ।

यस्तै गरेर लामिछाने (२०५४) द्वारा **नेपाली भाषा शिक्षण परिचय** नामक एक अर्को पुस्तकमा उल्लेख गरिएका कुराहरूलाई पनि यहाँ समावेश गर्नु उपयुक्त हुन्छ । यस पुस्तकमा उच्चारण तथा सस्वर पठन शिक्षण अध्यायमा उच्चाराण र सस्वर पठनलाई अन्तर सम्बन्धित गरी उच्चारण शिक्षणका विभिन्न पक्षहरू उल्लेख गर्दै सस्वर पठन शिक्षण अन्तर्गत माध्यमिक तहका सन्दर्भमा सस्वर शिक्षणको आवश्यकता, सस्वर पठनका लागि पाठ्य सामग्रीको छनौट र विभिन्न कार्यकलापहरूको जानकारी समावेश गरिएको छ । यस क्रममा माथि उल्लेख गरिएका अतिरिक्त सस्वर पठनमा हाउभाउ प्रदर्शन हुनुपर्ने चिह्नरुको ख्याल गरी पठन गर्नु पर्ने कुराहरूमा जोड दिएको छ । उच्चारण र सस्वर पठनको शिक्षणमा अपनाउनु पर्ने विधिहरू तरिकाहरू तथा कार्यकलापहरूका बारेमा यसका आवश्यकता र तत्त्वका सम्बन्धमा जानकारी दिने उद्देश्यले तयार पारिएको उक्त पुस्तकका उल्लेखित जानकारीहरू यस अध्ययनमा पनि उत्तिकै सहयोगी र आधारशिलाको रूपमा लिन सकिन्छ । यसमा सस्वर पठनका धेरै कुराहरू उल्लेख गरिएको भए पनि प्राथमिक तहको सन्दर्भमा केही उल्लेख नगरी माध्यमिक तहका सन्दर्भमा मात्र प्रस्तुत गरिएकोले तल्ला कक्षाहरूलाई त्यति ख्याल गरिएको पाईंदैन किन भने सस्वर पठन भनेको माथिल्लो तहमा भन्दा तल्लो कक्षाहरूको लागि बढी सान्दर्भिक विषय हो । त्यति हुँदाहुँदै पनि यिनै कुराहरूलाई प्राथमिक तहका परिप्रेक्ष्यमा ढालेर उपयोगी थप कुराहरूको सहायता लिन सकिने हुनाले प्रस्तुत अध्ययनका लागि यो उपयुक्त नै हुनेछ ।

यसै क्रममा अधिकारी र शर्मा (२०५६) को सहलेखनमा तयार पारिएको **प्रारम्भिक नेपाली शिक्षण** पुस्तक पनि उल्लेख्य छ । प्राथमिक तहको नेपाली भाषा शिक्षणका सन्दर्भमा तयार पारिएको प्रस्तुत पुस्तक यस अध्ययनका लागि अत्यन्तै उपयोगी हुने देखिन्छ । प्राथमिक कक्षाहरूमा नेपाली भाषा शिक्षण गर्दा अपनाउनु पर्ने तरिका विधि तथा कार्यकलापका बारेमा उपयोगी जानकारी दिने पुस्तकमा सस्वर पठन शिक्षण नाम छुट्टै

अध्याय खडा गरी पढाइका क्रममा सस्वर पठनको आवश्यकता, सस्वर पढाइमा ध्यान दिनु पर्ने कुराहरू अन्तर्गत गति र यति चिह्न प्रयोग, हाउभाउ, लय, सुर आघात, भाव आदि किन र कसरी प्रयोग गर्ने भन्ने सम्बन्धमा स्पष्ट जानकारी दिइएको छ ।

त्यस्तै सस्वर पठनका कार्यकलाप अन्तर्गत शब्दपठन वाक्यपठन, अनुच्छेदपठन गति, यति मिलाई पढ्ने भावानुसार पढ्ने र विभिन्न विधा अन्तर्गत पाठहरूको पठनको साधारण चर्चा गरिएको छ । उपर्युक्त जानकारीहरूलाई यस अध्ययनमा प्रमुख आधारका रूपमा राखी शोधकार्य अघि बढाइएको हुनाले यो अत्यन्तै उपयोगी हुनेछ भन्ने आशा छ ।

शिक्षणका क्रममा तयार पारिएको भए पनि अध्ययनको सामग्री सङ्कलन र व्याख्या विश्लेषणमा पनि यिनै कुराहरूलाई आधार मान्नु पर्ने र त्यही ढाँचामा अध्ययन विवरण प्रस्तुत गरिएकाले यस पुस्तकका जानकारीहरू सम्बन्धित शोधार्थीहरूलाई उपयोगी सावित हुने कुरा निर्विववाद छ । सस्वर पठनमा समाहित हुनुपर्ने र हुन नहुने कुराहरूको खाका तयार पारी त्यसैको आधारमा शोधकार्य अगाडि वढाइएको हुँदा यसलाई प्रमुख आधार र महत्त्वपूर्ण सामग्रीको रूपमा लिएको छ ।

शोधपत्रका क्षेत्रमा सस्वर पठन क्षमता सम्बन्धी अध्ययन पूर्ण रूपमा नभएको हालसम्मका अध्ययन ग्रन्थहरूबाट थाहा भएको छ । यस्ता शोधपत्रहरू त्रुटि विश्लेषण, व्यतिरेकी विश्लेषण, पाठ्यपुस्तकहरूको अध्ययन विश्लेषण, पाठ्यक्रमहरूको अध्ययन विश्लेषण शिक्षण विधिहरू र मूल्याङ्कनका क्षेत्रमा प्रशस्तै अध्ययनहरू भएका छन् । साथै प्रस्तुत शीर्षकसँग केही सामीप्य राख्ने वर्णविन्यास, वाक्यपठन आदिका बारेमा पनि प्रशस्तै अध्ययनहरू भएका छन् ।

यसै सिलसिलामा वर्णविन्यास, वाक्यगठन, शब्दोच्चारण सम्बन्धी शोध अध्ययन गर्ने क्रममा के.सी. (२०५५) द्वारा आंशिक रूपमा एक अध्याय खडा गरी सस्वर वाचन सम्बन्धी सामान्य झल्को प्रस्तुत गरिएको पाइन्छ । के.सी.द्वारा **सुर्खेत जिल्लाका कक्षा ५ उत्तीर्ण मगर भाषी विद्यार्थीहरूले नेपाली भाषामा गर्ने त्रुटिहरूको विश्लेषण** नामक अध्ययन भएको पाइन्छ । यस सिलसिलामा प्रस्तुत अध्ययनले उल्लेखित विद्यार्थीहरूको कविताको सस्वर पठन, शब्दोच्चारण, वाक्यगठन र वर्णविन्यसमा गर्ने त्रुटिहरू पत्ता लगाउन उक्त त्रुटिहरूको तुलनात्मक अध्ययन विश्लेषण गर्ने र प्राप्त निष्कर्षको आधारमा सुझावहरू प्रस्तुत गर्ने उद्देश्यहरू  राखेको पाइन्छ । अध्ययनको क्रममा सुर्खेत जिल्लाका ग्रामीण र शहरी क्षेत्रका गरी जम्मा ९० जना विद्यार्थीहरूलाई जनसङ्ख्या नमुनाका रूपमा छनौट गरी ती मध्ये ३० जना मगर मातृभाषी विद्यार्थीहरूलाई कक्षा ५ को 'म कस्तो हूँ' ? शीर्षकको एक कवितांशलाई छन्ोट गरेर सस्वर वाचन गर्न लगाई टेप रेकर्डमा भर्ने र गति, यति र लयका आधारमा व्याख्या विश्लेषण गर्ने गरिएको छ ।

यसको व्याख्या विश्लेषणलाई हेर्दा सस्वर वाचनलाई ३० जना विद्यार्थीहरूको आधारमा अति राम्रो, सामान्य र नराम्रो भन्ने शीर्षक राखेर गति, यति र लयका छुट्टा छुट्टै शीर्षकमा तालिकावद्ध गरेर देखाइएको छ । यसरी हेर्दा गति सम्बन्धी त्रुटिहरूमा २ जना अर्थात ७ प्रतिशतले राम्रो, ७ जना अर्थात २३ प्रतिशतले सामान्य र २१ जना अर्थात ७० प्रतिशतले नराम्रो नतिजा देखाएका छन् भने अति राम्रो गर्ने विद्यार्थीहरू छैनन् ।

निष्कर्षमा शहरी ग्रामीण दुवै क्षेत्रका विद्यार्थीले अति राम्रो र नराम्रो स्तरको सस्वर वाचन गर्ने कोही देखाइएको छैन । सामान्य स्तरको पठन गर्ने नै बढी देखिएका छन् भने राम्रो स्तरमा कमै मात्रमा देखिएका छन् । यसको कारण छन्द सम्बन्धी ज्ञानको कमी, पठन अभ्यासको कमी जस्ता कारण देखाइएका छन् ।

यस प्रकार सस्वर वाचन सम्बन्धी अध्ययन नै नदेखिएको ऐतिहासिक श्रृंखलामा आंशिक रूपमा मात्रै अध्ययन हुन उल्लेखनीय कुरा हो । प्रस्तुत अध्ययनमा पनि यसको प्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ एउटा महत्त्वपूर्ण आधार बन्न सक्छ । यो प्रशंसनीय कार्य हो तापनि सस्वरवाचनलाई कविताको एक श्लोकमै सीमित गरेर हेरिनु यसको परिणाम मगर भाषीहरूका निमित्त लागू हुने देखिनु र गति, यति र लयमा मात्र सीमित राखी सस्वरवाचनका श्रव्य प्रभावशाली पक्षहरूको वेवास्ता गरी एक पक्षीय अध्ययन हुनु यसका कमजोरीका केही पक्षहरू हुन् । निष्कर्षमा के भन्न सकिन्छ भने आफनो अध्ययनको उद्देश्य र सीमाभित्र आबद्ध भइ गरिएको यो अध्ययनमा अन्य पक्षहरू पनि समेटी अध्ययनहरू मात्र गरिएकाले सम्बन्धित क्षेत्रहरूका लागि भने आफैंमा पूर्ण छ । साथै यस अध्ययनलाई प्रत्यक्ष रूपमा सहयोग गर्ने देखिन्छ ।

यसै गरी अनुसन्धानकै क्रममा शिवाकोटी (२०५३) ले अंग्रेजी शिक्षा विभाग कीर्तिपुर अन्तर्गत नै **झापा जिल्लाका माध्यमिक विद्यालय तहका विद्यार्थीहरूको पठन क्षमताको अध्ययन** (एन एनालिसिस अफ द रिडीङ प्रोफिसियन्सी अफ द सेकेण्डरी स्कूल स्टुडेन्टस् अफ झापा डिस्ट्रिक्ट) शीर्षक अन्तर्गत माध्यमिक तहमा पठन क्षमता के कस्तो रहेको छ ? भन्ने अनुसन्धान रहेको छ ।

यस अनुसन्धानमा अनुसन्धाताले झापा जिल्लाका सरकारी र निजी ८/८ वटा गरी १६ वटा विद्यालयबाट आठ जनाको दरले जम्मा १२८ विद्यार्थी नमुनाको रूपमा छनोट गरी सवै विद्यार्थीहरूलाई एकै खालको प्रश्नपत्रको नमुना दिएर पहिला प्रश्नहरू कालो पाटीमा लेखिदिएर सम्बन्धित पाठ पढ्न दिई उत्तर लेख्न लगाएर परीक्षण गरिएको देखाइएको छ । यसरी पढाइ क्षमता सरकारी र निजी क्षेत्रमा के कस्तो र कुन विद्यालयको समग्र रुपमा राम्रो छ भनेर तुलनात्मक अध्ययन गर्दा निजी विद्यालयको पढाइ क्षमता राम्रो रहेको देखाइएको छ ।

सर्वेक्षण विधि अन्तर्गत नै गरिएको अर्को अनुसन्धानले सरकारी विद्यालयमा पढाइ कमजोर हुने कारणहरू अन्तर्गत नै गरिएको पुस्तकालय नभएको, समय सन्दर्भ अनुसारका बाह्य सामग्री जस्तै दैनिक पत्रपत्रिका साहित्यिक पत्रिका तथा मासिक रूपमा प्रकाशित हुने म्यागेजिन आदि सरकारी विद्यालयका शिक्षकहरूमा नभएको, पढाइप्रति आफ्नो जिम्मेवारीप्रति सचेतना कम्ती रहेका कारण सरकारी विद्यालयको पठन क्षमता कमजोर रहेको देखाइएको छ । अनुसन्धानले सुझावका रूपमा सरकारी विद्यालयमा लाइब्रेरीको व्यवस्था हुनुपर्ने, दैनिक पत्र-पत्रिका आदि समय सन्दर्भ अनुसारका राष्ट्रिय अन्तर्राष्ट्रिय घटनाक्रमको जानकारी विद्यार्थीहरू समक्ष विभिन्न सामग्री मार्फत पुऱ्याएर विद्यार्थीहरूलाई पढ्न उत्प्रेरित गर्नुपर्ने साथै प्रशासनिक कमजोरी हटाई विषय शिक्षकलाई आफ्नो जिम्मेवारीप्रति सजग गराई पठनपाठनमा केन्द्रित गराउनु पर्ने जस्ता सुझाव दिइएको छ ।

अनुसन्धानकै क्रममा सुवेदी (२०६०) द्वारा **काठमाडौं उपत्यकाका कक्षा ५ मा अध्ययनरत विद्यार्थीहरूको सस्वरवाचन सम्बन्धी क्षमता**को अनुसन्धान गरिएको  छ । यस अनुसन्धानमा अनुसन्धाताले काठमाण्डौं उपत्यकाका सरकारी र निजी ५/५वटा गरी १० वटा विद्यालयबाट १०/१०जनाको दरले जम्मा १०० जना विद्यार्थी  ५ जना मातृभाषी र ५ जना विमातृभाषी नमुनाका रूपमा छनोट गरिएको छ । छनोट गरिएका विद्यार्थीहरूलाई कक्षा ५ को मेरो नेपाली किताबबाट तिन वटा विधा क्रमश कथा, संवाद, र प्रवन्ध पाठबाट तिन तिन वटा अनुच्छेद छनोट गरेर

सस्वर वाचन गर्न लगाई गति, यति, लय सुर आघात विराम चिह्नको प्रयोग हाउभाउ बोध स्पष्ट उच्चारणका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

यसको व्याख्या विश्लेषणलाई हेर्दा सस्वर वाचनलाई ५०/५० जना विद्यार्थीहरूका आधारमा अत्युत्त, उत्तम, मध्यम, निम्न र नजान्ने जस्ता शीर्षक राखेर गति,यति, लय, सुर, आघात, हाउभाउ स्पष्टउच्चारण बोध र विराम देखाएको छ । यसरी गति र यति सम्बन्धी सस्वरवाचन अध्ययन हेर्दा सरकारी र निजी विद्यालयका ५०/५० जना विद्यार्थीहरू मध्ये सरकारी सरकारी विद्यालय तर्फ अत्युत्तम ६ जना अर्थात १२ प्रतिशत, उत्तम १४ जना अर्थात २८ प्रतिशत र नजान्ने २ जना अर्थात ४ प्रतिशत देखिएका छन् । निजी विद्यालयमा अत्युत्तम ५ जना अर्थात १० प्रतिशत उत्तम १२ जना अर्थात २४ प्रतिशत मध्यम २४ जना अर्थात ४८ प्रतिशत निम्न ५ जना अर्थात १० प्रतिशत र नजान्नेमा ४ जना अर्थात ८ प्रतिशत रहेका छन् ।

यसरी सरकारी र निजी विद्यालयमा तुलनात्मक रूपमा हेर्दा दुवैमा मध्यम स्तरको सस्वरवाचनमा गति, यति मिलाउने विद्यार्थी सङ्ख्या बढी देखिएता पनि निजीको तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरूको सस्वरवाचनको स्तरमा गति, यति केही मात्रामा बढी राम्ररी मिलाएको पाइयो । यो स्थितिले सरकारी विद्यालय नै गति, यति सम्बन्धी वाचनमा केही राम्रो स्तर देखिन्छ । गति, यतिमा चाहिं सरकारी तर्फ राम्रो देखिएता पनि अरु आघात विराम चिह्नको प्रयोग स्पष्ट उच्चारण आदि विषयहरूलाई समेटेर तालीकावद्ध रूपमा हेर्दा उस्तै उस्तै नै नतिजा देखाइएको छ ।

अन्त्यमा सस्वरवाचनमा प्रत्येक वर्ण र शब्दहरूको सही र स्पष्ट उच्चारण हुनु पर्दछ। सफल सस्वरवाचनमा केही पक्षहरूको निषेध गरिनु आवश्यक पढ्ने क्रममा अक्मक्याएर पढ्ने, अक्षर चपाएर पढ्ने ,दोहोऱ्याउने ,भकभकाउने, कम वा बढी अडान गरी पढ्ने तथा थेगो प्रयोग गर्ने जस्ता नराम्रा पक्षहरू हटाउनु पर्दछ । अनि मात्र पढ्न रसपूर्ण र प्रभावमय बन्न सक्ने सुझाव दिइएको छ । अनुसन्धानकै क्रममा वि.क.(२०६१) द्वारा **कक्षा ४ मा अध्ययनरत पर्वती भाषी विद्यार्थीहरूको सस्वरवाचन क्षमता**को अध्ययन गरिएको छ ।

यस अध्ययनका लागि कक्षा ४ को हाम्रो नेपाली किताववाट प्रबन्ध १, कथा १, संवाद १, कविता १ र गीत १ गरी जम्मा ५ वटा विधाहरूबाट निश्चित किसिमका अनुच्छेदहरू छनोट गरी विद्यार्थीहरूलाई सस्वर वाचन गर्न लगाई टेप रेकर्ड समेत गरिएको देखिन्छ । यस परिप्रेक्ष्यमा पर्वत जिल्लामा अस्तित्वमा रहेको गुरुङ भाषालाई मातृभाषाका रूपमा वोल्ने विद्यार्थीहरू ३० जना पहिलो भाषा नेपाली नै बोल्ने विद्यार्थीहरू ७० जना शहरी इलाकाका विद्यार्थीहरू २० जना छात्र ५३ जना छात्रा ४७ जना छात्र गरी जम्मा १०० जना विद्यार्थीहरूमा एकतामा विविधतामूलक अध्ययन गर्ने प्रयास गरिएको छ । अध्ययन नमुनामा लिएका १०० जना विद्यार्थीहरू मध्ये शहरी र ग्रामीण इलाका, भाषिक प्रभाव र लिङ्गगत आधार गरी सवै शीर्षक र उपशीर्षकहरूमा विभक्त गरिएको छ । स्तरका हिसावले अत्युत्तममा ९ जना उत्तममा २७ जना मध्यममा २६ जना निम्नमा १२ जना र नजान्नेमा ६ जना विद्यार्थीहरू छन्। प्रतिशतका हिसावले अत्युत्तममा १० प्रतिशत,उत्तममा ३० प्रतिशत, मध्यममा ४० प्रतिशत,र निम्नमा १३.३३ प्रतिशत र नजान्नेमा ६.६६ प्रतिशत विद्यार्थीहरू छन्। अत्युत्तम र उत्तममा पर्न जाने विद्यार्थी सङ्ख्याका तुलनामा मध्यममा पर्न जाने विद्यार्थी सङ्ख्या अधिक छ । निम्नमा १३.३३ प्रतिशत र नजान्नेमा ६.६६ प्रतिशत विद्यार्थीहरू पर्नुले यस अध्ययनलाई सन्तोषजनक अवस्थामा हेर्न सकिन्छ ।

निजी विद्यालयबाट जम्मा १० जना विद्यार्थीहरू छनोट गरिएको छ । जसमध्ये ४ जना अत्युत्तम, १ जना उत्तममा, ४ जना मध्यममा र १ जना निम्नमा परेका छन् । नजान्नेमा १ जना विद्यार्थी  पनि परेको छैन प्रतिशतका हिसावले ४० प्रतिशत अत्युत्तममा, १० प्रतिशत उत्तममा ४० प्रतिशत मध्यममा १० प्रतिशत निम्नमा पर्न गएका छन् । नजान्नेमा शून्य प्रतिशत अनि अति उत्तम र मध्यम दुवैमा ४० प्रतिशत विद्यार्थी  पर्न जानाले निजी विद्यालयमा गति, यतिको अवस्था राम्रो देखिन्छ। शहरी इलाकाका २० जना विद्यार्थीहरू मध्ये ६ जना अत्युत्तम, ३ जना उत्तम, ८ जना मध्यम र ३ जना निम्न अवस्थामा रहेको छ । अत्युत्तममा ३० प्रतिशत,उत्तममाा १५ प्रतिशत, मध्यममा ४० प्रतिशत र निम्नमा १५ प्रतिशत विद्यार्थीहरू पर्न जानाले  शहरी लकाका विद्यार्थीहरूको गति, यतिको अवस्था सन्तोषजनक देखिन्छ ।

ग्रामीण इलाकाका जम्मा ८० जना विद्यार्थीहरू लिइएकोमा ५ जना अत्युत्तम,२५ जना उत्तम,३२ जना मध्यम १२ जना निम्न,६ जना विद्यार्थीहरू नजान्ने रहेका छन् । ६.२५ प्रतिशत विद्यार्थीहरू अत्युत्तम, ३१.२५ विद्यार्थीहरू उत्तम,४० प्रतिशत मध्यम, १५ प्रतिशत निम्न र ७.५ प्रतिशत विद्यार्थीहरू नजान्ने रहेका छन् । यसरी हेर्दा ग्रामीण इलाकाका विद्यार्थीहरूमा गति, यतिको अवस्था समस्यायुक्त देखिन्छ । भाषिक प्रभावका दृष्टिकोणले मातृभाषा गुरुङ भएका विद्यार्थीहरू जम्मा ३० जना लिइएको छ । ५ जना उत्तम, १६ जना मध्यम, ४ जना निम्न र ५ जना नजान्ने विद्यार्थीहरू रहेका छन् ।

प्रतिशतका दृष्टिकोणले १६.६६ प्रतिशत अत्युत्तम, ५३.३३ प्रतिशत मध्यम, १३.३३ प्रतिशत निम्न र १६.६६ प्रतिशत नजान्नेमा पर्दछन् । १ जना विद्यार्थी  पनि अत्युत्तममा नपर्नु र १६.६६ प्रतिशत विद्यार्थीहरू नजान्नेमा पर्नुले मातृभाषा गुरुङ भएका विद्यार्थीहरूको गति, यतिको अवस्था सन्तोषजनक देखिंदैन । मातृ भाषा नेपाली भएका विद्यार्थीहरू जम्मा ७० जना लिइएको छ । १३ जना अत्युत्तम, २३ जना उत्तम, २३ जना मध्यम,

१० जना निम्न र १ जना नजान्ने विद्यार्थीहरू रहेका छन् । १८.५७ प्रतिशत अत्युत्तम, ३२.८५ प्रतिशत उत्तम, ३२.८५ प्रतिशत मध्यम, १४.२८ प्रतिशत निम्न र १.४२ प्रतिशत नजान्ने विद्यार्थीहरू रहेका छन् । यसको अर्थ हो कि मातृभाषा नेपाली नै भएका विद्यार्थीहरूमा पनि गति, यति सम्बन्धी समस्या अधिक देखिन्छ ।

लिङ्गगत आधारमा अध्ययन गर्दा छात्रतर्फ ५३ जना विद्यार्थीहरू रहेका छन् जस अन्तर्गत अत्युत्तममा ८ जना, उत्तममा १३ जना, मध्यममा २४ जना निम्नमा ४ जना र नजान्नेमा ४ जना विद्यार्थीहरू रहेका छन् । प्रतिशतका दृष्टिकोणले अत्युत्तममा १५.०९ प्रतिशत, उत्तममा ३६.१७ प्रतिशत एवं १७  जना मध्यममा, ८ जना अर्थात १७.०२ प्रतिशत निम्नममा २ जना अर्थात ४.२५ प्रतिशत नजान्नेमा रहेका छन् । यसरी हेर्दा छात्रा तर्फ पनि उत्तम र मध्यम स्तरमा नै बढि देखिन्छ ।

माथिको अध्ययनलाई तुलनात्मक रूपमा हेर्दा अत्युत्तममा सरकारी विद्यालयतर्फ १० प्रतिशत छन् र निजी विद्यालयतर्फ ४० प्रतिशत विद्यार्थीहरू देखिन्छन् । शहरी इलाकाका ३० प्रतिशत विद्यार्थीहरू देखिन्छन् । ग्रामीण इलाकाका विद्यार्थीहरू ६.२५ प्रतिशत देखिन्छन् । मातृभाषा गुरुङ हुने ० प्रतिशत र मातृभाषा नेपाली हुने १८.५७ प्रतिशत विद्यार्थीहरू देखिन्छन् । छात्र १५.०९ प्रतिशत विद्यार्थी छन् र छात्रातर्फ १०.६३ प्रतिशत विद्यार्थी  रहेका छन् । यसरी तुलनात्मक रूपमा हेर्दा पनि अत्युत्तम सरकारीभन्दा निजी विद्यालयका विद्यार्थीहरू, ग्रामीण इलाकाकाभन्दा शहरी इलाकाका विद्यार्थीहरू, गुरुङभन्दा नेपाली मातृभाषा भएका विद्यार्थीहरू, छात्राभन्दा छात्रको अवस्था अगाडि रहेको छ ।

उत्तममा सरकारी विद्यालयमा २० प्रतिशत विद्यार्थीहरू छन् भने निजी विद्यालयमा १० प्रतिशत विद्यार्थीहरू छन् । शहरी इलाकाका १५ प्रतिशत विद्यार्थीहरू छन् र ग्रमीण इलाकाका ३१.२५ प्रतिशत विद्यार्थीहरू रहेका छन् । मातृभाषा गरुङ हुने १६.६६ प्रतिशत विद्यार्थीहरू छन् र मातृभाषा नेपाली हुने ३२.८५ प्रतिशत विद्यार्थीहरू छन् । छात्रतर्फ २४.५२ प्रतिशत विद्यार्थीहरू देखिन्छन् र छात्रातर्फ ३१.९१ प्रतिशत विद्यार्थीहरू देखिन्छन् । यसरी तुलनात्मक रूपमा हेर्दा उत्तम स्तरका विद्यार्थीहरू निजी विद्यालयमाभन्दा सरकारी विद्यालयमा, शहरी इलाकामा भन्दा ग्रामीण इलाकाका विद्याथीहरू, मातृभाषा गुरुङभन्दा नेपाली भएका विद्यार्थीहरू, छात्रभन्दा छात्रा अगाडि देखिन्छन् ।

मध्यम स्तरका विद्यार्थीहरू बीच तुलनात्मक अध्ययन गर्दा सरकारी र निजी विद्यालयतर्फ दुवैमा ४० प्रतिशत त्यस्तै गरी शहरी र ग्रामीण दुवैमा ४० प्रतिशत विद्यार्थीहरू रहेका छन् । मातृभाषाा गुरुङ हने ५३.३३ प्रतिशत विद्यार्थीहरू छन् त नेपाली हुने ३२.८५ प्रतिशत छन् । त्यस्तै छात्रातर्फ ४५.२८ प्रतिशत विद्यार्थीहरू छन् त छात्र तर्फ २६.१७ प्रतिशत विद्यार्थीहरू मध्यम अवस्थामा देखिन्छन् । यसरी हेर्दा शहरी र ग्रामीण सरकारी र निजी विद्यालयतर्फ समानता देखिन्छ । मातृभाषा नेपालीभन्दा गुरुङ, छात्राभन्दा छात्र अधिक रहेका छन् ।

निम्न स्तरमा सरकारी विद्यालयतर्फ १३.३३ प्रतिशत विद्यार्थीहरू छन् र निजी विद्यालयमा १० प्रतिशत विद्यार्थीहरू रहेका छन् । शहरी र ग्रामीण इलाका दुवैमा १५ प्रतिशत विद्यार्थीहरू रहेका छन् । मातृभाषा गुरुङ हुने १३.३३ प्रतिशत विद्यार्थीहरू छन् त मातृभाषा नेपाली हुने विद्यार्थीहरू १४.२८ प्रतिशत छन् । छात्रातर्फ ७.५४ प्रतिशत नेपाली हुने विद्यार्थीहरू १४.२८ प्रतिशत छन् त छात्रा तर्फ ७.५४ प्रतिशत विद्यार्थीहरू छन् । छात्रा तर्फ १७.०२ प्रतिशत विद्यार्थीहरू निम्न अवस्थामा  रहेका छन् । यसरी हेर्दा निजी भन्दा सरकारी विद्यालय मातृभाषा गुरुङ भन्दा नेपाली भएका विद्यार्थीहरू छात्र भन्दा छात्रा बढि देखिन्छन् । शहरी र ग्रामीण इलाकामा विद्यार्थीहरू भने समान देखिन्छन् ।

नजान्ने विद्यार्थीहरूमा सरकारी तर्फ ६.६६ प्रतिशत विद्यार्थीहरू छन् भने निजी तर्फ छैनन् । ग्रामीण इलाकामा ७.५ प्रतिशत विद्यार्थीहरू छन् त शहरी इलाकामा छैनन् । मातृभाषा गुरुङ हुने विद्यार्थीहरू १६.६६ प्रतिशत छन् त नेपाली भाषाका १.४२ प्रतिशत छन् । छात्र ७.५४ प्रतिशत छन् त छात्रा ४.२५ प्रतिशत छन् । यसरी हेर्दा सरकारी ग्रामीण इलाका गुरुङ भाषा मातृभाषाको रूपमा बोल्ने विद्यार्थीहरू र छात्र कमजोर अवस्थामा देखिन्छन् । समग्रमा हेर्दा सस्वरवाचनको स्थिति सवै क्षेत्रका विद्यार्थीहरूमा मध्यमस्तरको पाइयो ।

सस्वरवाचनमा हुनुपर्ने अत्युत्तम र उत्तम स्थिति बोधगम्यता र स्पष्ट उच्चारण पाइयो । विधानुसार भावाभिव्यक्ति नेपाली भएका विद्यार्थीहरु नेपाली भाषाको सस्वरवाचनमा कमजोर देखिए । यसरी उल्लेखित कार्यहरूको समीक्षा गर्दा अहिलेसम्म पढाइ सिप अन्तर्गतको मुख्य पक्षका रूपमा रहेको सस्वरवाचन सम्बन्धी व्यवस्थित अध्ययन अनुसन्धान नगन्य मात्रामा मात्र भएको देखिन्छ । ती पनि अनुसन्धानमूलक नभई कृतिपरक रूपमा मात्र सीमित छन् । त्यसैले पनि सस्वरवाचन सम्बन्धी यस अध्ययनलाई सान्दर्भिक ठानिएको छ ।

## १.८ अध्ययन विधि

अनुसन्धानको क्रममा होस् अर्थात कुनै पनि कार्य गर्दा पूर्व योजना गरी गरिएको कार्य व्यवस्थित साथै विश्वसनीय अवश्य हुन्छ । त्यसैले प्रस्तुत अध्ययन अनुसन्धान गर्दा सुरुदेखि अन्त्यसम्म अपनाइएका विधि साथै के के गरियो ? भन्ने प्रकृयाका बारेमा उल्लेख गर्नु आवश्यकताको विषय भएकाले अध्ययन अनुसन्धानका क्रममा गरिएका कार्यहरूलाई निम्नानुसार उल्लेख गरी देखाइएको छ । प्रस्तुत अध्ययनलाई मूलतः सर्वेक्षण

पद्धतिका आधारमा सम्पन्न गरिएको छ । त्यस क्रममा जनसङ्ख्या पहिचान र नमुना छनोट तथा सङ्कलनका लागि सामग्री निर्माण, पूर्व परीक्षण, तथ्य सङ्कलन तथा व्याख्या विश्लेषणात्मक प्रक्रियाहरू अवलम्वन गरिए जसको संक्षिप्त विवरण निम्नानुसार छ ।

### १.८.१ स्रोतको वर्गीकरण

#### १.८.१.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनका लागि आवश्यक सामग्री संकलन गर्न सर्वप्रथम प्राथमिक वा मौलिक स्रोतको आधार लिइएको छ जसले गर्दा शोधकार्य प्रामाणिक बन्न मद्दत पुगेको छ । यसका लागि पाँचथर जिल्ला अन्तर्गत सस्वरवाचन अध्ययनको बाहुल्य रहेका दशवटा सामुदायिक र संस्थागत विद्यालयबाट १०/१० जना विद्यार्थीहरुलाई नमुना छनौट गरिएको छ । प्राथमिक स्रोतका आधार निम्नलिखित छन्:

क. अन्तवार्ता : सम्बन्धित क्षेत्रका प्रतिनिधि, विद्यार्थीहरुको क्रियाकलाप र बोलीबचनको समेत अवलोकन गरी प्राप्त सामग्रीलाई स्रोतको रुपमा लिइएको छ ।

ख. अवलोकन : सम्बन्धित क्षेत्रका विद्यार्थीहरुको क्रियाकलाप र बोलीचालीको समेत अवलोकन गरी प्राप्त सामग्रीलाई स्रोतको रुपमा लिइएको छ ।

ग. परीक्षण प्रश्न : पूर्व परिक्षणका लागि परीक्षण प्रश्न तयार गरिने छ । सो को प्रयोग गरी त्यसबाट प्राप्त सूचनालाई पनि स्रोतको रुपमा लिइएको छ ।

#### १.८.१.२ द्वितीय स्रोत

प्रस्तुत शोधकार्यका लागि द्वितीय स्रोत निम्नलिखित छन् :

क. पुस्तक : कक्षा चारको नेपाली र अन्य नेपाली पुस्तकलाई द्वितीय स्रोतको रुपमा समावेश गरिएको छ ।

ख. पत्र-पत्रिका : पद सङ्गति र आदरार्थी सम्बन्धमा प्रकाशित नेपाली भाषाका पत्र-पत्रिकालाई समावेश गरिएको छ । प्रस्तुत अध्ययनका लागि कक्षा ४ का सार्वजनिक तथा निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याको नमुनाको रूपमा मानी पाँचथर जिल्लाभित्रका दशवटा विद्यालयमा ५ निजी र ५ सरकारी छनोट गरियो । यसै गरी ती मध्ये प्रत्येक विद्यालयका कक्षा ४ मा अध्ययन गर्ने १० जना (५ जना पहिलो भाषा नेपाली हुने र ५ जना दोस्रो भाषा नेपाली हुने) विद्यार्थीहरूलाई प्रतिनधि नमुनाका रूपमा छनोट गरिएको छ ।

### १.८.२ सामग्री निर्माण

विद्यार्थीहरूको परीक्षण गरी तथ्य सङ्कलन गर्नुपर्ने प्रकृतिको अध्ययन भएकोले सो परीक्षणका लागि परीक्षण प्रश्न बनाइयो । उक्त प्रश्न बनाउँदा मेरो नेपाली किताव कक्षा ४ बाट चारवटा विधा क्रमशः कथा, कविता, संवाद र प्रवन्ध पाठबाट तिन तिन अनुच्छेद छनोट गरियो । ती अनुच्छेदहरूको उपयुक्तता हेर्न २५ जना विद्यार्थीहरूलाई सस्वरवाचन गर्न लगाइ पूर्व परीक्षण गरियो । उक्त परीक्षणबाट सामान्य अनुच्छेद उपयुक्त पाइएकोले तिनको कार्यान्वयन गरियो ।

### १.८.३ पूर्व परीक्षण

प्रस्तुत अध्ययनमा सामग्रीको पूर्व परीक्षणका लागि नमुना छनोट गरियो । सम्पूर्ण सङ्ख्याको २० प्रतिशत विद्यार्थीहरूमा पूर्व परीक्षण गरियो र सो अनुसार सामग्रीमा आवश्यकता अनुसार परिष्कार र परिमार्जन गरी विश्वसनीय तथा प्रामाणिक बनाइयो ।

### १.८.४ अन्तिम परीक्षण र तथ्य सङ्कलन

प्रस्तुत अध्ययनका लागि आवश्यक तथ्य सङ्कलन गर्ने क्रममा प्रत्येक विद्यालयका १०/१० जना विद्यार्थीहरूलाई तोकिएको पाठबाट सस्वरवाचन गर्न लगाइयो । यसै क्रममा अनुसन्धानकर्ताले जाँचसूचीको निर्माण गरी विभिन्न शीर्षक, उपशीर्षकहरू दिएर उक्त सूचीमा सस्वरवाचनमा देखिएका विभिन्न पक्षहरूलाई विभिन्न सङ्केतको आधारमा भरेर तथ्य टेप रेकर्ड समेत प्रयोग गरी सङ्कलन गरियो ।

### १.८.५ व्याख्या विश्लेषण र प्रस्तुतीकरण

माथिका तालिकाहरूमा देखाइए अनुसार सम्पूर्ण सामग्रीहरूको सङ्कलन र तयारी गरिसकेपछि विद्यार्थीहरूको सस्वरपठनको स्थिति के कस्तो रह्यो भन्ने कुरा वर्णनात्मक तरिकाले विभिन्न शीर्षक अनुसारको छुट्टाछुट्टै व्याख्या विश्लेषण गरिएको छ । साथै सरकारी र निजी विद्यालयको छुट्टाछुट्टै नमुना सङ्कलन गरी सोही अनुसार पहिले छुट्टाछुट्टै र पुनः तुलनात्मक साथै समग्रमा चौथो कक्षामा अध्यनरत विद्यार्थीहरूको सस्वरवाचन सम्बन्धी अध्ययन विश्लेषण गरिएको छ जसलाई प्रतिशत सहित देखाइएको छ । व्याख्या तथा विश्लेषणका लागि वर्णनात्मक विश्लेषणात्मक, पुस्तकालयीय सर्वेक्षण लगायत विधिहरू प्रयोग गरिएका छन् । अन्त्यमा निष्कर्ष निकाली सोही आधारमा सुझावहरू समेत प्रस्तुत गरिएको छ । सस्वरवाचन सम्बन्धी सिद्धान्त र यसका विभिन्न आधारहरूलाई उल्लेख गर्दै प्रत्येक शीर्षक तथा उपशीर्षक राखी व्याख्या तथा विश्लेषण गरिएको छ ।

# अध्याय दुई

# सस्वर पठनको सैद्धान्तिक अवस्था र यसका आधारहरू

## २.१ परिचय र सैद्धान्तिक अवस्था

पढाइ सङ्केत हेरेर त्यसबाट सूचना लिने एउटा तरिका वा माध्यम हो । पढाइ तब मात्र पढाइ हुन्छ जब पढाइसँग बुझाइ हुन्छ । बुझाइ भन्नाले विषयवस्तुका समग्र बुझाइलाई लिनुपर्छ । सिकारुको पक्षबाट हेर्दा पढाइ एउटा सक्रिय ग्रहणयोग्य क्षमता हो किनकि सूचना प्राप्त गर्नको लागि पाठकले सक्रिय रूपमा पठन कार्य गर्नुपर्ने हुन्छ । धेरै मुलुकमा विद्यार्थीहरूले मातृभाषीहरूसँग अन्तरक्रिया गर्न नपाएता पनि उनीहरू विदेशी भाषामा लेखिएका साहित्यिक लेखहरू वैज्ञानिक प्राविधिक पत्र पत्रिकाहरू पढ्न सक्छन् । धेरैलाई यस्ता पाठ्य सामग्रीहरू उनीहरूको उच्च शिक्षाको सहायकको लागि चाहिन्छ भने कसैलाई यस्ता सामग्रीहरू उनीहरूको पेशाको लागि उपयोग गर्छन् । यसरी पठन सिपले सिकारुलाई उसको अग्रगामी पढाइको लागि, जागीरको लागि तथा फुर्सदको समयमा पढेर आनन्द लिनको लागि सहयोग गर्दछ ।

पठन सिप यस्तो प्रक्रियासँग सम्बन्धित छ जसले विद्यार्थीहरूलाई विषयवस्तुमा भएको सूचना प्राप्त गर्न सहयोग गर्दछ । यस्तो सूचना दृश्यात्मक सङ्केतद्वारा प्राप्त गर्न सकिन्छ । सङ्केतको अर्थपूर्ण क्रमबद्धताले अर्थ वोकेको हुन्छ । मोहिल (ozle) का अनुसार बोधमा स्पष्टता र

सम्पूर्णताको साथै अर्थका महत्वपूर्ण तत्वहरूको बीचमा आवश्यकीय सम्बन्धको पहिचान गर्न सक्नु नै पठन सिप हो । पठन शिक्षणले विद्यार्थीहरूलाई विषयवस्तुको गहिराइमा पुगी त्यसमा समाविष्ट अर्थका तत्वहरू पहिचान गर्न सहयोग गर्नुपर्छ । भाषाका चार सिपहरू एक आपसमा अन्योन्याश्रित छन् । तसर्थ पठनसिपलाई पनि हामी अन्य सिपहरूबाट अलग्गै राख्न सक्दैनौं । वास्तवमा भाषाका यी चार भिन्न सिपहरू यसरी अन्योन्याश्रित भएका हुन्छन् कि यदि हामीले तिनीहरूलाई एक अर्कोबाट छुट्याएर राख्ने हो भने यसको दूरगामी प्रभाव पर्न सक्छ । साथै भाषाको ज्ञानमा पूर्णतामा असर पर्दछ । शिक्षकले पठन शिक्षण गर्दा पठन शिक्षणलाई मुख्य विन्दु बनाएर अरू सिपहरूलाई सँगसँगै अघि लैजानु पर्ने हुन्छ नकि यसलाई अलग्याएर होइन ।

क्रमवद्ध रूपमा हेर्दा पठन सिप तेस्रो नम्बरमा आएता पनि वास्तवमै भन्नु पर्दा यो सवभन्दा महत्वपूर्ण छ । यस्ता व्यक्तिहरू जसले मातृभाषीलाई प्रत्यक्ष भेट्न अवसर पाउँदैनन उनीहरू भाषाका पुस्तकहरू पढेर सिक्न सक्छन् । तसर्थ यसो पनि भन्न सकिन्छ कि जहाँ कम पढाइ हुन्छ त्यहाँ भाषा सिकाइ पनि कम हुन्छ । यदि विद्यार्थीले पठनसिपको विकास गर्‍यो भने उसले शिक्षकसँग पूरै भर पर्नु पर्दैन । पढ्दा ज्ञानको विकास हुन्छ ।

जति पढ्यो, त्यति सिकिन्छ । पढ्ने सिपको वानीको विकास गरेर विद्यार्थीले मातृभाषीहरूको संस्कृतिलाई पनि वुझ्न सक्छ । यदि संस्कृति वुझ्यो भने कसरी व्यवहार गर्ने भन्ने तरिकाहरू थाहा पाउन सक्छ । राम्रो पठनसिप विकास गरेर व्यक्तिले आफूलाई अग्रगामी शिक्षाका लागि तयार गर्दछ । अग्रगामी शिक्षा खास गरिकन उच्च शिक्षा पठनको मात्रा र गुणमा भर पर्दछ । पठनक्रिया विभिन्न उद्देश्यहरूको लागि आवश्यक हुन सक्छ

र यस्ता उद्देश्यहरू व्यक्ति पिच्छे फरक पर्न सक्छ अनि स्थिति अनुसार पनि फरक हुन सक्छ । पठनको मुख्य उद्देश्य विषयवस्तुबाट सूचना लिने हो । तसर्थ पठन शिक्षणको उद्देश्य विद्यार्थीहरूलाई लेखकले दिन खोजेको कुरा विषयवस्तु पढेर लिन सक्ने बनाउनु हो ।

बच्चाले यदि राम्रो पढ्न जानेन भने उसले संसारलाई बुझ्न सक्दैन । स्ट्रेन्ज (Strange1978) का अनुसार पढाइले व्यक्तिलाई यस्तो अनुभव प्रदान गर्छ जसका माध्यमद्वारा उसले आफ्ना क्षितिजलाई बढाउँछ, परिचयलाई फराकिलो पार्छ, आफ्ना चाहानालाई विस्तार गर्दछ, आफूलाई गहिराइमा गएर बुझ्न यति मात्र नभएर सारा भावनालाई बुझ्छ । अनि संसारलाई नियाल्छ । चाको (Chacko) का अनुसार पढ्न सिक्नु भनेको हिंडन सिक्नु जस्तो हो । कागजमा छापिएको शब्द पहिलो पटक चिन्यो भन्दैमा पठन शुरु भएको मान्न सकिंदैन जवकि पहिला शब्द उच्चारण गर्दा बोल्न शुरु गऱ्यो भन्ने मानिन्छ । पढाइको महत्व तव मात्र स्पष्ट हुन्छ जब कसैले राम्ररी पढ्न नसक्नेलाई पढेको असरले विचार गर्छ । दैनिक जीवनमा पठनको धेरै महत्व छ । पढाइको महत्व स्कूल र कलेजमा मात्र नभएर घरमा पनि उत्तिकै छ । यदि बच्चाले राम्रोसँग पढ्न जानेन भने उसको शिक्षामा नै आघात पुग्ने सम्भावना देखिन्छ ।

उपयुक्त अवधारणालाई अग्रगति प्रदान गर्नका लागि निम्न पढाइ सम्बन्धी केही महत्वपूर्ण पक्षहरू उल्लेख हुन्छन् । जग बलियो छ भने घर वलियो हुन्छ । शुरु शुरुका कक्षाहरूबाटै विद्यार्थीले विधा अनुसार मष्तिष्कले ग्रहण गरेर पढ्ने सिपको बानी बसाल्दै जाँदा माथिल्ला कक्षाहरूमा पढाइको महत्व पढाइले मात्र नभएर बुझाइले अझ प्रभावकारी बनाउँदै लैजान्छ । त्यसैले प्राथमिक तहको अन्त्यमा अध्ययनरत विद्यार्थीहरुमा सस्वरवाचन क्षमता अध्ययनलाई पढाइको एक मुख्य पक्षको रूपमा लिई सस्वर पठनको अवधारणा सोही तहमा केन्द्रित रहेर अध्ययनका आधारहरू सहित उल्लेख गरिएको छ ।

लिखित सामग्रीलाई प्रसङ्ग अनुकुल र भावाभिव्यक्ति अनुसार सशक्त अभिव्यक्तिका साथ श्रोताको ध्यान आकर्षित गरी पढ्न सक्नु नै सस्वर पठन हो । यो बोलाइभन्दा परिष्कृत, परिमार्जित र जटिल प्रक्रिया भएकोले नियन्त्रित र औपचारिक पनि हुन्छ । अन्य सिपभन्दा के कुराले बढी जटिल हुन्छ भने यसमा दुईवटा कुराहरू समानान्तर रूपमा अग्रगामी भएर आउँछन् । लिपिवद्ध सामग्रीको सस्वरता र बोध यथार्थ यसमा वुझ्ने बुझाउने प्रक्रिया भएकाले पाठकले लिखित सामग्रीमा आफूलाई केन्द्रित गरी अवस्थानुकुल र भावानुकूल उच्चतम प्रभावकारिताका साथ प्रस्तुत गर्न सक्नु पर्छ ।

सस्वर पठनको धेरै जसो अवधारणात्मक कुराहरूको चर्चा माथि नै गरिएको छ तापनि यसमा के कुरा पनि उल्लेख गर्न आवश्यक छ भने यो पढाइलाई मात्र सङ्केत नगरी भाषा शिक्षणकै एउटा महत्त्वपूर्ण पक्ष हो किनकि भाषाको स्वाभाविकताको संरक्षण र आफ्नै मौलिक प्रकृतिको सम्वर्द्धन गर्न यो धेरै उपयोगी हुन्छ । सस्वर पठनमा सजीवता त्यतिखेर आउन सम्भव हुन्छ जति वेला लिखित सामग्रीलाई भावानुकूल स्वाभाविकता दिन सकिन्छ न कि यसका माध्यमले उच्चारण सम्बन्धी गल्ती र वर्ण विन्यास सम्बन्धी त्रुटिहरूलाई निराकरण गर्न सकियोस् । सस्वरपठनमा विद्यार्थीहरूको स्तर सामग्रीको छनोटमा विशेष ध्यान दिनु पर्दछ । प्राथमिक तहमा हुने सस्वरपठन र माध्यमिक तहमा हुने सस्वरपठनको स्तरमा फरक हुन्छ । त्यस्तै साहित्यिक विधा र लेख अनुसारका सस्वरपठनका ढाँचा फरक पर्दछ । सस्वरपठनमा यी कुराहरूलाई विशेष ध्यान दिनु पर्दछ । यहाँ प्राथमिक कक्षाका सन्दर्भमा केन्द्रित भई विशेषत पहिलो भाषी र दोस्रो भाषी दुवै प्रकृतिका विद्यार्थीहरूको सस्वर पठनको अध्ययन गरिएको छ ।

## २.२ सस्वरपठन अध्ययनका आधारहरू

प्राथमिक कक्षाहरूमा सस्वर पढाइमा जोड दिनु आवश्यक छ । मौखिक भाषाको अनुभवलाई लिखित भाषामा स्थानन्तरण गर्न पनि यो जरुरी हुन्छ । सस्वर पढाइले मौखिक र लिखित भाषालाई नजिक बनाउन मद्धत गर्ने हुनाले पनि तल्ला कक्षाहरूमा यसतर्फ विशेष ध्यान दिनुपर्ने हुन्छ । यी कुराहरूलाई विचार गरेर पनि प्रस्तुत शोध अध्ययन प्राथमिक तहमा केन्द्रित गरिएको छ । सस्वरपठन गर्दा केही आधारभूत धारणाहरूलाई के गर्न हुने र नहुने भन्ने कुरामा विचार पुऱ्याउनु पर्छ । यसरी सस्वर पठनका केही आधारहरू हुन्छन् । ती कुराहरूको विशेष ध्यान दिनुपर्छ भने केही कुराहरू सस्वरपठनका बाधक साध्य बनेर आउँछन् । यस प्रकार सस्वरवाचनमा उपयोगमा ल्याइने केही अवधारणात्मक पक्षहरू निम्नानुसार दिइएको छ ।

### गति र यति

छिटो छिटो पढ्नु पढाइमा गति मिलाउनु हो । यसले पढाइको द्रुततावाचकलाई सङ्केत गर्दछ । आवश्यकता स्वाभाविकतानुकूल छिटो छिटो मिलाई पढ्नु अथवा नरोकिइकन लगातार पढाइमा हुने वेग नै यति हो । यस्तै गति भनेको पद पदावली उपवाक्य, वाक्यका बीचमा आवश्यक पर्ने विश्राम हो । अर्थात पढाइको स्वभाविकता नखज्मज्याइकन पढ्नु यति हो । यसरी हेर्दा गति र यति परस्पर सापेक्ष कुरा हुन् । सस्वरपठनमा गति र यति दुवैको सन्तुलन मिल्नु पर्दछ । जुनसुकै विधा र तत्सम्बन्धी पाठलाई सस्वरपठन गर्दा गति, यति मिलाई पढ्नु आवश्यक छ ।

सस्वरपठन शिक्षण र अध्ययनमा गति, यतिको सीमा किटान नगरे पनि मानक वाचनका आधारमा यसको लेखाजोखा गर्नुपर्ने हुन्छ ।

### चिह्न प्रयोग

लिखित भाषामा विभिन्न किसिमका विराम चिह्नहरूको प्रयोग गरिएको हुन्छ । सस्वर पठन गर्दा पूर्णविराम अल्पविराम, सापेक्षविराम, प्रश्नचिह्न, विश्मयादिवोधक आदि चिह्नहरूको ख्याल गरी पढ्नु आवश्यक छ । चिह्न अनुसारको पढाइको भावमा भिन्नता हुन्छ र त्यसको प्रसङ्ग प्रभावमा फरक हुन्छ । त्यसकारण सस्वरताको बोध र अर्थ प्रसारणमा चिह्नहरूको प्रयोगलाई ध्यान दिनु आवश्यक छ ।

**हाउभाउ**

सस्वर पठनमा हाउभाउ पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ । पढ्दा विधा अनुसारका शारीरिक हाउभाउ चेष्टा, मुखाकृति र अनुकरण आदिको पनि सन्तुलन हुनु पर्छ । कथा, कविता, संवाद नाटक आदि विधा पाठहरूका भाव अनुसार हाउभाउपूर्ण तरिकाले पढ्दा पढाइ प्रभावपूर्ण र भावानुकुल हुने हुनाले यो अत्यन्त महत्वपूर्ण छ ।

**सुर, लय र आघात**

सस्वर पठन गर्दा लिपिवद्ध सामग्रीलाई भाव अनुसार लय, आघात र अनुतान मिलाई पढ्नु पर्छ । लिखित गद्य पद्यात्मक सामग्रीलाई मधुरता, अतिशयता बनाउने बोलीलाई मुलायम र लामदार बनाई पढ्नुमा लयको अहम भूमिका हुन्छ । कुनै अक्षर वा शब्दलाई जोड दिई अर्थ प्रशारणमा विशेष जोड दिई पढ्नु आघात हो । यी कुराहरूले अर्थमा फरक नपारे पनि भनाइमा जोड दिने र अभिव्यक्तिमा मिठास ल्याई मधुरता थप्ने र पढाइमा चमत्कारिता थपी सौन्दर्यपूर्ण अभिव्यक्तिद्वारा अर्थचेतनमा विशिष्टता कायम गर्ने हुनाले यिनीहरूको ख्याल गरी पढेमा पढाइ प्रभावपूर्ण र रोचक बन्न सक्छ । त्यसैले सस्वरपठनमा यी कुराहरूको विशेष ख्याल गर्नु पर्ने हुन्छ ।

**भाव**

कविता, कथा, निवन्ध, प्रवन्ध, नाटक आदि विधाहरू पढ्नुको मुख्य उद्देश्य नै यसको भाव स्पष्टता हुनु हो । विधा अनुसारको भाव आफू बुझ्नु र श्रोता समक्ष बोधगम्य रूपमा प्रस्तुत गर्नु सस्वर पठनको अभिष्ट हो । त्यसैले सस्वर पठन गर्दा भाव स्पष्ट हुने गरी पढ्नु पर्छ । यसको परिपूर्णताका लागि गति, यति, लय, आघात, विराम चिह्नहरूको प्रयोग अनुसार पनि पढ्नु आवश्यक छ । अन्तत भाव स्वत प्रस्फुटित हुन जान्छ । यस प्रकार सस्वरपठनमा माथिका विभिन्न आधारहरू छन् । पढ्दा यी सवै कुराहरूको सन्तुलन र सन्तुलनगम्य परिष्कार हुन आवश्यक छ । यस पश्चात सस्वरपठन सिपमा पोख्त भई पढ्न सम्भव हुन्छ । अझै विचार पु¥याउनु पर्ने कुरा के पनि छ भने सस्वरपठनका रूपम उपयुक्त विशेषताहरू हासिल गराउन कक्षा र तह अनुसार क्रमिक रूपमा परिष्कृत गराउँदै लैजानु पर्छ । पहिलो भाषाका रूपमा रहेका सिकारुलाई केही कठिनाइ अवश्य हुन्छ । प्रस्तुत अध्ययन विशेषत पहिलो र दोस्रो भाषा सिक्ने विद्यार्थीका लागि केन्द्रित भएकाले त्यही अनुसार अगाडि बढाइएको छ । यस क्रममा यस अध्ययनमा सस्वरठनमा के गर्न हुने र के गर्न नहुने भन्ने आधारहरूको सूची बनाई त्यसैको आधारमा व्याख्या विश्लेषण गरिएको छ । जुन निम्नानुसार रहेको छ ।

## २.३ सस्वर पठनमा हुनु पर्ने कुराहरू

गति र यति मिलाउनु पर्ने ।

विराम चिह्नहरूको ख्याल गर्नु पर्ने ।

हाउभाउ अनुसार भावाभिव्यक्ति हुनु पर्ने ।

सुर, लय र आघातको ख्याल गर्नुपर्ने ।

उच्चारण स्पष्ट हुनुपर्ने ।

पढाइ परस्पर बोधगम्य हुनु पर्ने ।

## २.४ सस्वर पठनमा हुनु नहुने  कुराहरू

अकमकाएर बोल्न नहुने ।

अस्पष्ट उच्चारण हुनु नहुने ।

दोहोऱ्याएर पढ्न नहुने ।

थेगो प्रयोग गर्न नहुने ।

भाषिक प्रभाव हुन नहुने ।

सीमा भन्दा बढी अडान हुन नहुने ।

चिह्नरुका अनुपयुक्त प्रयोगले पढाइ अबोध हुन नहुने ।

# अध्याय तिन

## सस्वर पठनको व्याख्या तथा विश्लेषण

### ३.१ परिचय

पढाइको सस्वरता नै सस्वर पठन हो । सस्वर पठन भन्ने वित्तिकै यसमा धेरै कुराहरू समेटिन्छन् । यस अन्तर्गत पढाइमा गति, यति लय, विराम चिह्नहरूको ख्याल गरी हाउभाउको सन्तुलन विधा अनुसारका भावाभिव्यक्ति सुर, लय, आघात र स्पष्ट उच्चारणका साथै बोध्य आदि जस्ता कुराहरू अनिवार्य हुन्छन् । सस्वर पठनका क्रममा वाचक अर्थात पाठकले अक्मकाएर पढ्ने थेगो प्रयोग गर्ने, त्रुटिपूर्ण उच्चारण गर्ने, दोहोऱ्याएर पढ्ने, बढी वा कम अडान हुने भाषिक प्रभाव देखिने र परिस्थिति परिवेश अनुसार नहुने जस्ता बाधक तत्वहरू नहुनु जरुरी छ । तसर्थ आदर्श पठन त्यो हो, जसमा माथि उल्लेखित सकारात्मक तत्वहरूको प्रवलता र नकारात्मक कारकहरूको अभाव भएको हुन्छ । भाषा शिक्षण सिकाइका सन्दर्भमा सस्वर पठन अति नै महत्त्वपूर्ण पूर्वाधार हो जसबाट भाषा सिकाइका समग्र पक्षहरू प्रत्यक्ष रूपमा प्रभावित हुन्छन् । त्यसकारण यस सम्वन्धी तथ्यपरक र सुक्ष्म अध्ययन गरी यथार्थ तथ्योद्घाटन गरी ठोस निष्कर्ष निकाली सुझावहरू साथको अध्ययन प्रस्तुत गरिएको छ ।

अध्ययनका क्रममा शोध निर्देशकको सल्लाहानुसार सस्वरवाचन अध्ययनका लागि कक्षा ४ को हाम्रो नेपाली किताबबाट संवाद १, कविता १, कथा १ र प्रवन्ध १ गरी जम्मा ४ विधाहरूबाट उपयुक्त अनुच्छेदहरू लिएर सस्वर पठन गर्न लगाई माथि उल्लेखित आधारहरूमा व्याख्या

विश्लेषण गरिएको छ । अध्ययनमा प्रयोग गरिएका नमुना पाठका अनुच्छेदहरू परिशिष्ट एकमा देखाइएको छ । सस्वरपठनका आधारहरूलाई माथि नै उल्लेख गरिएकोले यहाँ दोहाऱ्याउन आवश्यक ठानिएको छैन ।

यहाँ तिनै आधारहरूबाट उपलव्ध तथ्यको प्रस्तुतीकरण गर्दै व्याख्या विश्लेषण गरिएको छ । व्याख्या विश्लेषणमा माथिका प्रत्येक आधारहरूलाई छुट्टाछुट्टै स्तम्भ खडा गरिएको छ । प्रत्येक स्तम्भलाई सस्वरवाचनको स्तर हेरी अत्युत्तम, उत्तम, मध्यम, निम्न र नजान्ने रूपमा छुट्टाछुट्टै विद्यार्थी सङ्ख्या र प्रतिशतका आधारमा देखाइएको छ । यसमा पहिले तालिकीकरण र त्यसैसँग वर्णन विश्लेषण गरिएको छ । साथै सस्वरवाचनका राम्रा पक्षहरू र समस्याहरूलाई यसै व्याख्या तथा विश्लेषणका क्रममा देखाइएको छ ।

## ३.२ गति र यति सम्बन्धी अध्ययन

सस्वरवाचन अध्ययनलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका नं.१ : सामुदायिक र संस्थागत विद्यालयको गति, यति सम्बन्धी तुलनात्मक अध्ययन**

| क्र.सं. | स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| ०१ | अत्युत्तम | ६ जना | १२ | ५ जना | १० |
| ०२ | उत्तम | १४ जना | २८ | १२ जना | २४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ०३ | मध्यम | २३ जना | ४६ | २४ जना | २८ |
| ०४ | निम्न | ५ जना | १० | ५ जना | १० |
| ०५ | नजान्ने | २ जना | ४ | ४ जना | ८ |
| जम्मा | | ५० जना | १०० | ५० जना | १०० |

(स्रोत : स्थलगत अध्ययन, २०६९)

तालिका नं. १ मा गति सम्बन्धी अध्ययनलाई ५ स्तरमा विभाजन गरी सस्वरवाचन अन्तर्गत गति र यति सम्बन्धी अध्ययनलाई सङ्ख्यात्मक रूपमा विद्यार्थी सङ्ख्या र प्रतिशतका आधारमा छुट्टाछुट्टै देखाइएको छ । यस आधारमा गति, यति सम्बन्धी अध्ययनमा सरकारी र निजी विद्यालयका ५०/५० जना विद्यार्थीहरू मध्ये सरकारी विद्यालयतर्फ अत्युत्तम ६ जना, उत्तम १४ जना, मध्यम २३ जना निम्न ५ जना र नजान्ने २ जना अर्थात प्रतिशतमा अत्युत्तममा १२ प्रतिशत, उत्तममा २८ प्रतिशत, मध्यममा ४६ प्रतिशत, निम्नमा १० प्रतिशत, र नजान्नेमा ४ प्रतिशत देखिएका छन् । सस्वरवाचनको यो परिणाम हेर्दा सरकारी विद्यालयमा सस्ववाचनमा गति, यति क्षमता मध्यम स्तरमा बढी रहेको देखिन्छ भने अत्युत्तम र उत्तम स्तरमा पनि विद्यार्थी स्तर ६ र १४ जना अर्थात १२ र २८ प्रतिशत हुनु सन्तोषजनक स्थिति हो भन्न सकिन्छ ।

निजी विद्यालयमा ५० जना अर्थात १० प्रतिशत अत्युत्तम, १२ जना अर्थात २४ प्रतिशत, उत्तम स्तरमा २४ जना अर्थात ४८ प्रतिशत, मध्यम स्तरमा ५ जना अर्थात १० प्रतिशत, निम्न स्तरमा ४ जना अर्थात ८ प्रतिशत नजान्ने विद्यार्थीहरू रहेको देखिन्छ । यसबाट पनि के कुरा थाहा पाइन्छ भने निजी विद्यालयमा पनि सस्वरवाचनमा गति यति मिलाउने विद्यार्थी सङ्ख्या मध्यम नै बढी देखिएका छन् ।

यसरी सरकारी र निजी विद्यालयमा तुलनात्मक रूपमा हेर्दा दुवैमा मध्यम स्तरको सस्वरवाचनमा गति, यति मिलाउने विद्यार्थी सङ्ख्या बढी देखिएता पनि निजीका तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरूको सस्वर वाचनको स्तरमा गति, यति केही मात्रामा बढी राम्ररी मिलाइएको पाइयो । यो स्थितिले सरकारी विद्यालयमा नै गति यति सम्बन्धी वाचनमा केही राम्रो स्तर देखिन्छ । सङ्ख्यात्मक रूपमा पनि राम्रो स्तरमा सरकारी विद्यालयका विद्यार्थीहरू नै देखिन्छन् ।

### ३.२.१ गति यतिमा अत्युत्तम र उत्तम स्थिति

केही विद्यार्थीहरूको सस्वर वाचनमा यस आधारमा अत्युत्तम स्थिति पाइयो जस्तै :

वचत गर्नु असल बानी हो ।

नानी यो महेशजीको घर हो ।

दिलबहादुर आफ्नै झुपडीमा रमाएरै बसेको थियो ।

माथि दिइएका जस्तै वाक्यांशमा विद्यार्थीहरूले गति, यति मिलाएर छिटो छिटो पढे । पढाइमा स्पष्टता साथै सजीवता पनि पाइयो । आवश्यक ठाउँमा विश्राम साथै पढाइको ढाँचा अनुसार पढाइलाई स्वभाविकतामा ढाली पढे । विधागत रूपमा विद्यार्थीहरूले पढाइको स्वभाविकता दिएकोले ११ जना अर्थात २२ प्रतिशत विद्यार्थीलाई अत्युत्तममा राखिएको छ ।

उत्तम स्थितिमा रहेका २६ जना अर्थात ५२% विद्यार्थीहरूले माथि दिएका जस्ता वाक्यांशमा अति राम्ररी नपढी गतिमा कहिं कहिं रोकिएका थिए । जस्तै बचत गर्नु असल बानी हो यस्ता वाक्यमा बचत गर्नु असल बानी हो भनी पढे यहाँ शब्दोच्चारणमा विद्यार्थीलाई कठिनाइ भई बीचमा रोकिएका थिए । यस्तै गति सम्बन्धी विद्यार्थीहरूले ख्याल नगरी बचत गर्नु असल बानी हो भन्ने वाक्यमा बचत गर्नुलाई ख्याल नगरी एउटै अक्षरमा बचत गर्नु असल बानी हो भनी पढेका थिए ।

### ३.२.२ गति, यति सम्बन्धी निम्न स्थिति

गति, यति सम्बन्धी शीर्षकमा अत्ति उत्तम, उत्तम, मध्यम, निम्न र नजान्ने विभिन्न उपशीर्षकमा छुट्याएर अध्ययन गर्दा सरकारी र निजी विद्यालयका ५/५ जना अर्थात १०/१० प्रतिशत विद्यार्थी निम्न स्तरमा देखिएका छन् । यिनीहरूलाई यस आधारमा निम्न शीर्षकमा राखिएको छ । सस्वरवाचन गर्न दिइएका विभिन्न विधा जस्तै प्रवन्ध, कथा, संवाद आदिका निम्न लिखित वाक्यहरू : 'बचत गर्नु असल बानी हो । लेकमा उसको थोरै बारी थियो । त्यही बारीमा मकै, कोदो आदि लगाउँथ्यो र जेनतेन आफ्नो जीविका चलाउँथ्यो । हो, के कामले सोध्नुभएको होला ?' जस्ता वाक्यमा गति राम्ररी नमिलाएको, छिटो छिटो पढी गति मिलाउनु पर्नेमा उल्लेखित वाक्यहरूलाई निम्नानुसार पढेको पाइयो :

बचत गर्नु असल बानी हो ।

लेकमा उसको थोरै बारी थियो त्यही बारीमा मकै, कोदो आदि लगाउँथ्यो र जेनतेन आफ्नो जीविका चलाउँथ्यो ।

ब च त ग र्नु अ स ल बा नी हो ।

ले क मा उ स को थो रै बा री थि यो त्य ही बा री मा म कै को दो आ दि ल गा उँ थ्यो ।

विद्यार्थीहरूले यस्ता वाक्यमा सस्वरपठन गर्दा शब्दहरू टुक्रयाएर वाक्यांशमा भएका आवश्यक चिह्नहरु ख्याल नगरी पढाइलाई पढाइको प्रकृति अनुसार नभई आफ्नै तौर तरिकाले पढे । 'ब' पछि केहिवेर अडकिएर 'च' अनि 'त' त्यस पछि अडकिएर 'ग' भन्दै शब्द चपाउँदै असल जस्ता शब्दमा प्रत्येक अक्षर छुट्टाछुट्टै अ स ल जस्तै माथि देखाइए अनुसार गरी टुक्र्याएर पढेका थिए ।

## ३.३ विराम चिह्नको ख्याल

सस्वरवाचन अध्ययनका क्रममा विराम चिह्नको कुन रूपमा र कतिको ख्याल गरेका छन् भनी हेरिएको छ । चिह्न अनुसारको अडान, आरोह, अवरोह आदि फरक फरक हुन्छ । चौथो कक्षामा विशेषतः पूर्णविराम, प्रश्न चिह्न, उद्गार चिह्न, अर्धविराम, अल्पविराम आदि चिह्नहरूको विशेष प्रयोग हुने भएकाले यसमा मुख्यतः तिनै निह्नहरुको प्रयोगलाई हेरिएको छ । विद्यार्थीहरुलाई पढ्न दिइएको निर्धारित अनुच्छेद निम्नानुसार छ :

गणेशको यो कुरा सुनेपछि कुबेर डरले भाग्न थाले । कुबेर अघिअघि भाग्दै गए भने गणेश पछिपछि लखेट्दै गए । धेरै बेरको दौडादौडपछि कुबेर शंकरलाई गुहार्न कैलाशमा पुगे । कुबेरलाई देखेपछि शंकरले भने, "कुबेर ! तिमी किन यसरी आत्तिएका छौ ? के भयो ?" कुबेरले हात जोड्दै भने, "प्रभु मैले बिराएँ, मेरो ज्यान  बचाउनुहोस् । मैले बित्थामा धनको घमण्ड गरेँ ।" शंकरले गणेशलाई पनि सोधे, "गणेश कुबेरलाई किन लखेटेको ?" गणेशले भने "कुबेरले मलाई निम्तो दिएर पेटभरि खान दिएनन् । यिनले मेरो अपमान गरे । त्यसैले यिनलाई लखेटेको हुँ ।"

**तालिका नं. २ : सामुदायिक र संस्थागत विद्यालयको विराम चिह्न सम्बन्धी तुलनात्मक अध्ययन**

| क.सं. | स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| ०१ | अत्युत्तम | ६ जना | १२ | ४ जना | ८ |
| ०२ | उत्तम | १४ जना | २८ | ११ जना | २२ |
| ०३ | मध्यम | १९ जना | ३८ | २२ जना | ४४ |
| ०४ | निम्न | ८जना | १६ | ८ जना | १६ |
| ०५ | नजान्ने | ३ जना | ६ | ५ जना | १० |
| जम्मा | | ५० जना | १०० | ५० जना | १०० |

(स्रोत : स्थलगत अध्ययन, २०६९)

तालिका नं. २ बाट के देखिन्छ भने विराम चिह्नहरूको समुचित प्रयोग गरी सस्वरवाचन गर्ने विद्यार्थीहरूमा निजी विद्यालयकाभन्दा सरकारी विद्यालयका नै राम्रा देखिन्छन् । निजी विद्यालयमा ५० जना विद्यार्थीहरू मध्ये अत्युत्तममा ४ जना अर्थात ८ प्रतिशत, उत्तममा ११ जना अर्थात २२ प्रतिशत मध्यममा २२ जना अर्थात ४४ प्रतिशत निम्नमा ८ जना अर्थात १६ प्रतिशत र नजान्नेमा ५ जना अर्थात १० प्रतिशत देखिन्छन् । त्यस्तै सरकारी विद्यालयतर्फ अत्युत्तममा ६ जना अर्थात १२ प्रतिशत, मध्यममा १९ जना अर्थात ३८ प्रतिशत, निम्नमा ८ जना अर्थात १६ प्रतिशत र नजान्नेमा ३ जना अर्थात ६ प्रतिशत विद्यार्थीहरू रहेका छन् ।

तुलनात्मक रूपमा हेर्दा निजी र सरकारी दुवैमा मध्यमस्तरको पठन बढी विद्यार्थीहरूमा भएको छ । यसमा सरकारी विद्यालयमा १९जना अर्थात ३८ प्रतिशत छन् भने निजीमा २२ जना अर्थात ४४ प्रतिशत विद्यार्थीहरू देखिएका छन् । सरकारी विद्यालयमा सस्वरपठन अन्तर्गत विराम चिह्नहरूको ख्याल गरी पढ्ने विद्यार्थीहरूको सङ्ख्या बढी देखिएको छ । हुन त ५० जना विद्यार्थीहरूमा ६ जना सरकारीमा र ४ जना निजीमा अत्युत्तम स्तरको पठन हुनु पनि उल्लेखनीय उपलब्धि हो । स्तरक्रम अनुसार हेर्दा मध्यम, उत्तम, निम्न, अत्युत्तम र नजान्ने विद्यार्थीहरूको सङ्ख्यात्मक क्रम क्रमश घटेर गएको देखिन्छ । अनुपातिक रूपमा हेर्दा नजान्नेहरूकै सङ्ख्या कम देखिएको छ । यसो हुनु अपेक्षित र सकरात्मक नै हो । त्यसैले के भन्न सकिन्छ भने कक्षा ४ का निजी तथा सरकारी विद्यालयका विद्यार्थीहरूले सस्वर पठन गर्दा विराम चिह्नहरूको ख्याल गरी पढ्ने स्तर मध्यम खालको रहेको छ । मध्यम स्तरको सस्वरवाचन गर्ने विद्यार्थीहरू नै अन्य स्तरका विद्यार्थीभन्दा बढी रहेका छन् । त्यसैले उत्तम र अत्युत्तमको स्तरमा पुऱ्याउन विराम चिह्नहरूको ख्याल गरी पढ्न लगाउने कुरामा बढी जोड दिन आवश्यक छ । सरकारी विद्यालयमा सस्वरपठन अन्तर्गतको विराम चिह्नको ख्याल गरी पढ्नुमा उक्त विद्यालयमा नेपाली भाषिक परिवेश, नेपाली माध्यममा शिक्षण र विद्यार्थीहरूको अभ्यस्त बानीले हो । निजी विद्यालयमा अंग्रेजी भाषिक वातावरण भएकोले नेपालीमा केही कमजोर हुनु स्वभाविक हो ।

### ३.३.१ विराम चिह्न सम्बन्धी अत्युत्तम र उत्तम स्थिति

विराम चिह्न सम्बन्धी अत्युत्तम र उत्तम विद्यार्थीहरूलाई विधानुसार सस्वरपठन गर्न दिइएका विधामा विभिन्न चिह्नहरू जस्तै पूर्ण विराम (।), प्रश्न चिह्न (?), विस्मयसूचक (!), उद्धगारचिह्न (‘ ’), अल्पविराम (,), आदि चिह्नहरूको प्रयोग भएको छ । सस्वरवाचन गर्दा यस्ता चिह्नहरूको सही ठाउँमा सही प्रयोग भएको पाइयो । माथि दिइएका चिह्नहरूको उपयुक्त ठाउँमा सही प्रयोग अत्युत्तममा १० जना र उत्तममा २५ जना विद्यार्थी देखिएका थिए । जस्तै :

१. रमेश : नानी, यो महेशजीको घर हो ?

२. अञ्जना : हो, के कामले सोध्नु भएको होला ?

३. रमेश : ए, ठीकै ठाउँमा पो आइएछ । म महेशजीको साथी रमेश, पल्लो गाउँबाट आएको हुँ ।

माथि दिइएका सम्वादात्मक वाक्यांशमा प्रयोग भएका विभिन्न चिह्नहरू विद्यार्थीहरूले विधागत रूपमा सही ठाउँमा चिह्नहरूको प्रयोग गरी सस्वर पठन गरेका थिए । यी वाक्यमा भएका विभिन्न चिह्नहरूको प्रयोग अनुसार वाक्यमा हुनु पर्ने उतार चढाव, प्रश्नवाचक चिह्नको साथै अरु चिह्नको प्रयोगको ढङ्ग ढाँचा सबै कुरा ख्याल गरि सस्वर पठन गरे । विद्यार्थीहरूले ‘नानी’ पछि भएको अल्पविराम (,) यो महेशजीको घर हो ? पछाडिको प्रश्नवाचक चिह्न (?) को प्रयोग उपयुक्त ठाउँमा प्रयोग गरी सस्वर पढाइलाई अति उपयुक्त बनाएका थिए । साथै उच्चता प्रदान गर्न बल पुऱ्याएका थिए ।

### ३.३.२ विराम चिह्नको ख्याल सम्बन्धी निम्न स्थिति

लिखित सामग्रीमा प्रयोग भएका उपयुक्त चिह्नहरू, उपयुक्त ठाउँमा विधाको आशय अनुसार प्रयोग गर्नुपर्ने हुन्छ । चिह्नहरूको सही प्रयोग नहुँदा अर्थको अनर्थ भई पढाइ नै अशोभनीय हुन जान्छ । यस शीर्षकमा सरकारी र निजी विद्यालयमा ७ र ८ जना गरी जम्मा १५ जना विद्यार्थीहरूले १०० जनामा विराम चिह्नहरूको ख्याल उपयुक्त ठाउँमा प्रयोग गरेको पाइएन । माथि उल्लेखित वाक्यहरूमा प्रयोग भएका विभिन्न चिह्नहरू विद्यार्थीहरूले सही ठाउँमा प्रयोग गरेनन् । जस्तै : "रमेश : नानी यो महेशजीको घर हो ।" यस वाक्यमा प्रयोग भएका अल्पविराम (,), प्रश्न चिह्न (?), लाई ख्यालै नगरी संवादात्मक वाक्यांशको ढङ्ग ढाँचा अनुसार नभई सामान्य वाक्यको प्रयोग स्तरमा पढेको पाइयो । यी वाक्यमा प्रयोग भएका चिह्नहरूको प्रकृति नै छुट्टिन सकेन । जस्तै : विद्यार्थीहरूले नानी यो महेशजीको घर हो । हो के कामले सोध्नुभएको होला ? माथि उल्लेखित वाक्यमा अल्पविराम (,) प्रश्नचिह्न (?) को प्रयोग गर्न विद्यार्थीहरूले छुट्याउन सकेनन् जसका आधारमा विद्यार्थीहरूलाई निम्न स्थितिमा देखाइएको हो ।

## ३.४ हाउभाउको सन्तुलन

सस्वर पठका सन्दर्भमा गति, यति, विराम चिह्नहरूको ख्याल गरी पढ्ने अतिरिक्त हाउभाउको सन्तुलन पनि मिलाउनु पर्दछ । पढ्ने क्रममा भाषा र लिपिमा उतारिएका अतिरिक्त भाषिकेतर गतिविधि, हाउभाउ, मुखमुद्रा अङ्ग संचालन गरेर पढाइलाई सजीवता प्रदान गर्न कलाको पनि आवश्यक हुन्छ । यही कुराको यथास्थिति पत्ता लगाउन हाउभाउको सञ्चालन नामक एक उपशीर्षक राखी निजी र सरकारी विभिन्न विद्यालयका ५०/५० जना विद्यार्थीहरूको माथि गरेको अध्ययनको परिणाम निम्नानुसार छ ।

**तालिका नं. ३ : सामुदायिक र संस्थागत विद्यालयका हाउभाउको सन्तुलन सम्बन्धी तुलनात्मक अध्ययन**

| क.सं. | स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| १ | अत्युत्तम | ४ जना | ८ | २ जना | ४ |
| २ | उत्तम | ५ जना | १० | ६ जना | १२ |
| ३ | मध्यम | १६ जना | ३२ | १२ जना | २४ |
| ४ | निम्न | १९ जना | ३८ | २१ जना | ४२ |
| ५ | नजान्ने | ६ जना | १२ | ९ जना | १८ |
| जम्मा | | ५० जना | १०० | ५० जना | १०० |

(स्रोत : स्थलगत अध्ययन, २०६९)

तालिका नं. ३ बाट हाउभाउ सञ्चालनका विद्यार्थीको स्थितिको वोध हुन्छ । तालिका अनुसार सरकारी विद्यालय तर्फका ५० जना विद्यार्थीहरू मध्ये अत्युत्तम ४ जना अर्थात ८ प्रतिशत उत्तममा ५ जना अर्थात १० प्रतिशत, मध्यममा १६ जना अर्थात ३२ प्रतिशत, निम्नमा १९ जना अर्थात ३८ प्रतिशत र नजान्नेमा ६ जना अर्थात १२ प्रतिशत विद्यार्थीहरू रहेका छन् । सबभन्दा कम उत्तम स्तरको वाचनमा ४ जना विद्यार्थी देखिन्छन् भने सबभन्दा वढी निम्न स्तरमा १९ जना विद्यार्थीहरू रहेका छन् ।

त्यस्तै गरेर निजी विद्यालयका ५० जना विद्यार्थीहरू मध्ये अत्युत्तममा २ जना अर्थात ४ प्रतिशत, उत्तममा ६ जना अर्थात १२ प्रतिशत, मध्यममा १२ जना अर्थात २४ प्रतिशत, निम्नमा २१ जना अर्थात ४२ प्रतिशत र नजान्नेमा ९ जना अर्थात १८ प्रतिशत विद्यार्थीहरू रहेका छन् । यसतर्फ पनि सबभन्दा कम अत्युत्तममा २ जना र सबभन्दा बढी निम्नस्तरमा २१ जना विद्यार्थीहरू रहेका छन् । तुलनात्मक रूपमा हेर्दा निजीमा भन्दा सरकारीमा राम्रो देखिए तापनि मध्यम स्तरको पठनमा निजी विद्यालयमा बढी विद्यार्थीहरू देखिन्छन् । तर अन्य स्तरमा भने सरकारी विद्यालयमा नै विद्यार्थीको मात्रा बढी रहेको देखिन्छ ।

समग्रमा हेर्दा अत्युत्तम ७ जना, उत्तममा १० जना, मध्यममा २८ जना, निम्नमा ४० जना र नजान्नेमा १५ जना अर्थात सो बराबरको समान प्रतिशतका विद्यार्थीहरू रहेका छन् । यसबाट के प्राप्त हुन्छ भने सस्वरवाचन अन्तर्गतको हाउभाउ सञ्चालनमा सबभन्दा कम अत्युत्तम स्तरको वाचनमा ७ जना वा त्यति नै प्रतिशत र सबभन्दा बढी निम्न स्तरमा ५० जना विद्यार्थीहरू रहेका छन् । त्यस कारण हाउभाउको सञ्चालन गरी पढ्ने सिप विद्यार्थीमा कमै मात्रामा रहेछ किनकि निम्न स्तरमा मात्रै ४० जना विद्यार्थीहरू रहेका छन् ।

### ३.४.१ हाउभाउ सम्बन्धी अत्युत्तम र उत्तम स्थिति

सस्वरवाचन गर्दा विद्यार्थीहरूलाई सबैभन्दा विधा अनुसार हाउभाउ मिलाएर लिखित सामग्रीलाई अभिव्यक्ति गर्न कठिन परको पाइयो तापनि केही विद्यार्थीहरूले विभिन्न विधा अनुसार हाउभाउमा राम्रो बोली अंग सञ्चालन आदि देखाएर पढेका थिए । विधा अनुसार सबै पाठमा केही विद्यार्थीहरूको हाउभाउको स्थिति निकै राम्रो देखिएको थियो । जस्तै निम्न वाक्यांशहरू विद्यार्थीहरूले स्वभाविकताका साथ सस्वरवाचन गरे ।

क. रमेश : नानी, यो महेशजीको घर हो ?

ख. अञ्जना : हो, के कामले सोध्नुभएको होला ?

ग. रोटीका टुक्राहरू गन्दै भन्न थाल्यो एक खाऊँ, दुई खाऊँ, तिन खाऊँ, चार खाऊँ, पाँच खाऊँ, छ खाऊँ कि सातवटै खाऊँ ।

जस्ता संवादात्मक वाक्यलाई विद्यार्थीहरूले कथ्य भाषाको प्रयोगकै अवस्थामा त सकेनन् । केही जस्तै ६ जना अत्युत्तममा र ११ जना विद्यार्थीहरूले हाउभाउ अनुसार सस्वर वाचन गरेको पाइयो । यस्ता वाक्यांशको सस्वरवाचन गर्दा विद्यार्थीहरूले मुन्टो हल्लाउने, हात हल्लाउने जस्तै रोटीका टुक्राहरू गन्दै भन्न थाल्यो एक खाऊँ, दुई खाऊँ, तिन खाऊँ, चार खाऊँ, पाँच खाऊँ, छ खाऊँ कि सातवटै खाऊँ । जस्ता वाक्यमा वाक्यांशको प्रकृतिनुसार उतार चढाव विभिन्न चिह्नहरुको सही प्रयोग मिलाएर सस्वरवाचन गरे ।

**३.४.२ हाउभाउको सन्तुलनमा निम्न स्थिति**

सस्ववाचनमा अध्ययन गरिएका विभिन्न शीर्षकहरू मध्ये हाउभाउको सन्तुलन नमिलाई पढ्ने विद्यार्थी सरकारी र निजीमा धेरै पाइए जसमा १०० जनामा सरकारीमा १९ र निजीमा २१ जना विद्यार्थीहरू रहेका छन् । विशेष गरी यी विद्यार्थीहरूलाई प्रवन्ध कथा विधाभन्दा संवाद विधामा हाउभाउ मिलाउन सक्दा रहेछन् र प्रवन्ध कथा पनि जसरी गर्नु पर्ने हो त्यसरी नै पढ्न सकेनन् । जस्तै : रोटीका टुक्राहरू गन्दै भन्न थाल्यो एक खाऊँ, दुई खाऊँ, तिन खाऊँ, चार खाऊँ, पाँच खाऊँ, छ खाऊँ कि सातवटै खाऊँ ....... । “संयोगले ऊ बसेको रुखमुनि ठूलो ओढार रहेछ । त्यहाँ राक्षसका सातजना बच्चाहरू बस्दा रहेछन् । दिलबहादुरले सातओटै खाऊँ भनेको सुनेर राक्षस डरायो र भन्न थाल्यो “नखा मनुक्खे, नखा, मेरा बालकहरू नखा, तँलाई खीर पाकताउली दिउँला” जस्ता वाक्यहरू विद्यार्थीहरूले हाउभाउ नमिलाई उतार चढावमा ख्याल नगरी पढेको पाइयो । जस्तैः संयोगले ऊ बसेको रुखमुनि ठूलो ओढार रहेछ । त्यहाँ राक्षसका सातजना बच्चाहरू बस्दा रहेछन् । यी वाक्यमा विद्यार्थीहरूले वाक्यमा उतार चढाव, विभिन्न चिह्नहरूको सही ठाउँमा सही प्रयोग गरेनन् केवल शब्द उच्चारण मात्र गरे ।

## ३.५ विधा अनुसारका भावाभिव्यक्ति

सस्वरवाचनमा साहित्यका विधा अनुसारको भावाभिव्यक्ति हुनु आवश्यक छ । साहित्यका कथा, कविता, संवाद, निबन्ध, प्रवन्ध, दैनिकी, चिठ्ठी आदि विधानुसारको अभिव्यक्तिगत शैली फरक फरक हुन्छ साथै आफ्नै प्रभावको आभास हुन्छ । वाचनको प्रभावपूर्णता अनुसार विधाको सुरुचि र संवाहनमा पृथकता भई छुट्टै मिठास उत्पन्न हुन्छ । यस आधारमा कक्षा ४ का निजी र सरकारी विद्यालयका विद्यार्थीको सस्वरवाचन निम्नानुसारको सङ्ख्या स्तरमा भएको पाइयो ।

**तालिका नं. ४ : सामुदायिक र संस्थागत विद्यालयका विधा अनुसारका भावाभिव्यक्ति सम्बन्धी तुलनात्मक अध्ययन**

| क्र.सं. | स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| १ | अत्युत्तम | ५ जना | १० | ३ जना | ६ |
| २ | उत्तम | ६ जना | १२ | ५जना | १० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | मध्यम | ११ जना | २२ | १२ जना | २४ |
| ४ | निम्न | १२ जना | २४ | २१ जना | ४२ |
| ५ | नजान्ने | ६ जना | १२ | ९ जना | १८ |
| जम्मा | | ५० जना | १०० | ५०जना | १० |

(स्रोत : स्थलगत अध्ययन, २०६९)

तालिका नं. ४ बाट के देखिन्छ भने सरकारी विद्यालयमा ५० जना विद्यार्थीहरूमध्ये ५ जना अर्थात १० प्रतिशतले अत्युत्तम, ६ जना अर्थात १२ प्रतिशतले उत्तम, ६ जना अर्थात १२ प्रतिशतले नै नजान्ने, ११ जना अर्थात २२ प्रतिशतले मध्यम र २२ प्रतिशतले मध्यम र २२ जना अर्थात ४४ प्रतिशतको निम्न स्तरको भावाभिव्यक्ति देखाएको छ । यसरी हेर्दा उत्तम र नजान्ने विद्यार्थीहरू बराबर छन् भने सबभन्दा बढी २२ जना अर्थात ४४ प्रतिशत विद्यार्थीहरू निम्न स्तरमा रहेका छन् जुन राम्रो नतिजा होइन । यसबाट निम्न स्तरका विद्यार्थीहरु नै वढी देखिएकाले सरकारी विद्यालयमा भावाभिव्यक्ति कम स्तरमै रहेको प्रष्ट हुन्छ ।

निजी विद्यालयतर्फ हेर्दा सबभन्दा कम अत्युत्तम ३ जना अर्थात ६ प्रतिशत विद्यार्थी रहेका छन् भने विद्यार्थीहरूमा क्रमशः ५ जना अर्थात १० प्रतिशतले उत्तम, ९ जना अर्थात १८ प्रतिशत, नजान्नेमा १२ जना अर्थात २४ प्रतिशत मध्यम स्तरका विद्यार्थीहरूले सस्वरवाचनमा विधानुसारको भावाभिव्यक्ति देखाएका छन् । तुलानात्मक रूपमा हेर्दा अत्युत्तम र उत्तम स्तरमा निजीभन्दा सरकारीमा बढी विद्यार्थीहरू देखिएका छन् भने अन्य बाँकी मध्यम र नजान्नेमा सरकारीभन्दा निजी विद्यालयका विद्यार्थीहरू नै बढी रहेका छन् । यहाँ निजीभन्दा सरकारी विद्यालयका विद्यार्थीहरूको सस्वरवाचनमा विधानुसारको भावाभिव्यक्तिमा केही मात्रामा सङ्ख्यात्मक र गुणात्मक रूपको स्तीरयता देखिन्छ । यसका आधारमा के

भन्न सकिन्छ भने सरकारी विद्यालयमा निम्नस्तरका विद्यार्थी सङ्ख्या बढी देखिएता पनि उत्तम र अत्युत्तमको स्तरमा राम्रो देखिएकाले निजीभन्दा केही न केही राम्रो नै हुन्छ ।

### ३.५.१ विधानुसार भावाभिव्यक्ति अत्युत्तम र उत्तम स्थिति

विधानुसार भावाभिव्यत्तिमा अत्युत्तममा ८ जना र उत्तममा ११ जना विद्यार्थी १०० जनामा देखिनु पनि सन्तोषजनक नै हो । कक्षा ४ का विद्यार्थीहरूले पाठगत रूपमा भावाभिव्यक्ति विधानुसार गर्न सक्नु धेरै राम्रो कुरा हो । यसरी संवाद, कथा र प्रवन्ध आदि विधामा भावाभिव्यक्तिमा स्वभाविकता देखाई सस्वरपठन निम्नलिखित वाक्यांशहरूबाट हेर्दा निकै राम्रो देखियो ।

क. अञ्जना : नमस्कार काका ! म उहाँकी छेरी अञ्जना । माफ गर्नुहोस् है काका, मैले तपाईंलाई चिन्नै सकिन । बुबा बरोबर तपाइँको नाम लिइरहनुहुन्थ्यो ।

ख. खीर पाकताउली लिएर दिलबहादुर आफ्नो घर फर्‍यो । उसकी फुपू घरमा आएकी रहिछिन् । फुपू चाहिं छुच्ची र लोभी स्वभावकी थिइन् । गतिला सामान देख्यो कि माइतबाट लुकाएर आफ्ना घरतिर पुर्‍याउँथिन् ।

यी वाक्यांशहरू पढदा विद्यार्थीहरूले संवाद, कथा, प्रवन्ध, छुट्टाछुट्टै अभिव्यक्ति दिएर पढाइलाई चाखलाग्दो गरी रोचक तरिकाले पढेका थिए । पढाइको अभिव्यक्तिबाट सो विधामा के भन्न खोजिएको छ भने सजिलै बुझ्न सकिने स्थिति पाइयो । यस्ता विधागत अभिव्यक्तिहरूमा विद्यार्थीहरूले सस्वरवाचन गर्दा भावाभिव्यक्ति मिलाएर पढेका थिए ।

### ३.५.२ विधानुसार भावाभिव्यक्तिको निम्न स्थिति

धेरै विद्यार्थीहरूले विधानुसार भावाभिव्यक्ति गर्न नसकेको पाइयो जसमा सरकारीबाट २२ र निजीबाट २१ जना विद्यार्थीहरू गरी ४३ जना विद्यार्थीहरू यस शीर्षकमा कमजोर देखिन्छन् । माथि दिएकै वाक्यांशका आधारमा विद्यार्थीहरूको भावाभिव्यक्तिको स्थिति अत्यन्त न्यून अवस्थामा देखियो । विद्यार्थीहरूले कथा, प्रवन्ध, संवाद तिनै विधा सामान्य स्तरमा आफ्नै तरिकाले पढेको पाइयो ।

क. अञ्जना :- नमस्कार काका ! म उहाँकी छोरी अञ्जना । माफ गर्नुहोस् है काका, मैले तपाईंलाईं चिन्नै सकिन । बुबा बरोबर तपाइँको नाम लिइ रहनुहुन्थ्यो ।

ख. खिरपाक ताउली लिएर दिलबहादुर आफ्नो घर फर्क्यो । उसकी फुपू घरमा आएकी रहीछिन् । फुपू चाहिँ छुच्ची र लोभी स्वभावकी थिइन् । गतिलो सामान देख्यो कि माइतबाट लुकाएर आफ्ना घरतिर पुऱ्याउँथिन् ।

यी वाक्यांशहरूमा हुनुपर्ने विधानुसारको भाव अभिव्यक्ति गर्न सकेनन् केवल एउटा शब्द पछाडिको अर्को शब्द जस्तै : नमस्कार काका म उहाँकी छोरी अञ्जना । बुबा बरोबर तपाइँको नाम लिइरहनुहुन्थ्यो ।

## ३.६ सुर, लय, आघात सम्बन्धी अध्ययन

सस्वरवाचनका क्रममा माथि उल्लिखित कुराहरू लगायत सुर, लय र आघातको पनि उत्तिकै ध्यान पुऱ्याउनु पर्ने हुन्छ । नेपाली भाषामा सुरले अर्थमा नै फरक नपार्ने भए ता पनि सुरको आरोह अवरोहबाट भनाइको आशय फरक पर्न सक्छ । तसर्थ प्रसङ्ग परिवेश अनुसार सुर मिलाई

पढ्नु आवश्यक हुन्छ । त्यस्तै आघातले पनि पढाइको प्रसङ्ग परिवेश अनुसार अर्थलाई जोड दिएर अभिव्यक्ति प्रभावकारी बनाउन सकिन्छ । विधानुसारको लय मिलाएर पढ्ने कुरा पनि सस्वरपठनमा उल्लेखनीय नै हो । सुर, लय र आघातमा विद्यार्थीहरूलाई सस्वरवाचन गराउँदा निम्नानुसारको परिणाम पाइयो ।

**तालिका नं. ५ : सामुदायिक र संस्थागत विद्यालयको सुर, लय, आघात सम्बन्धी तुलनात्मक अध्ययन**

| क्र.सं. | स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| १ | अत्युत्तम | ५ जना | १० | ५ जना | १० |
| २ | उत्तम | ११ जना | २२ | १३ जना | २६ |
| ३ | मध्यम | १८ जना | ३६ | १२ जना | २४ |
| ४ | निम्न | ११ जना | २२ | १४ जना | २८ |
| ५ | नजान्ने | ५जना | १० | ६ जना | १२ |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | ५० जना | १०० | ५० जना | १०० |

(स्रोत : स्थलगत अध्ययन, २०६९)

अध्ययनमा आधारित तालिका नं. ५ अनुसार सरकारी विद्यालयतर्फ ५ जना अर्थात १० प्रतिशत अत्युत्तमा, ११ जना अर्थात २२ प्रतिशत उत्तममा, १८ जना अर्थात ३६ प्रतिशत मध्यममा, ११जना अर्थात २२ प्रतिशत निम्नमा, ५ जना अर्थात १० प्रतिशत नजान्ने स्तरमा विद्यार्थीहरू रहेका छन् भने सबभन्दा बढी विद्यार्थीहरू १८ जना मध्यम स्तरमा रहेका छन् ।

निजी विद्यालयहरूमा हेर्दा ५ जना अर्थात १० प्रतिशत विद्यार्थीहरू अत्युत्तममा, ६ जना अर्थात १२ प्रतिशत, नजान्नेमा, १२ जना अर्थात २४ प्रतिशत विद्यार्थीहरू मध्यममा, १३ जना अर्थात २६ प्रतिशत विद्यार्थीहरू उत्तममा र १४ जना अर्थात २८ प्रतिशत विद्यार्थीहरू निम्न स्तरमा रहेका छन् । यहाँ सबभन्दा कम विद्यार्थीहरू ५ जना अर्थात १० प्रतिशत अत्युत्तम स्तरका विद्यार्थीहरूले सस्वरवाचनमा सुर, लय, आघात सम्बन्धी अध्ययन देखाएका छन् । तुलनात्मक रूपमा हेर्दा उत्तम, निम्न र नजान्ने स्तरमा सरकारीभन्दा निजीमा बढी विद्यार्थीहरू देखिएका छन् भने अन्य बाँकी अत्युत्तम र मध्यममा निजीभन्दा सरकारी विद्यालयका विद्यार्थीहरू नै बढी छन् । यहाँ सरकारीभन्दा निजी विद्यालयका विद्यार्थीहरूको सस्वरवाचनमा सुर, लय, आघात सम्बन्धी केही मात्रामा सङ्ख्यात्मक र गुणात्मक रूपको स्तरीयता देखिन्छ । यसका आधारमा के भन्न सकिन्छ भने निजी विद्यालयमा निम्न स्तरका विद्यार्थी  सङ्ख्या बढी दखिएता पनि उत्तम र मध्यमको स्तरमा राम्रो देखिएकाले सरकारी भन्दा निजी केही न केही राम्रो नै छ ।

**३.६.१ सुर, लय र आघात सम्बन्धी अत्युत्तम र उत्तम स्थिति**

सुर, लय, आघातमा ख्याल गरेर पढ्दा पढाइमा रोचकता थपिन्छ । सुर, लय, आघातबाट नै गद्य पद्य विधाको सस्वरवाचन छुट्टिन्छ । कविता लयवद्ध वाचन गर्न व्यक्तिको सुर अर्थात लयको उतार चढावले रोचकता थप्ने मात्र होइन कि पढिएको अर्थात वाचन गरिएको कुरा नै सुनौं सुनौं लाग्ने किसिमको हुन्छ । जस्तै : दिलबहादुरले सात ओटै खाउँ भनेको सुनेर राक्षस डरायो र भन्न थाल्यो “नखा मनुक्खे नखा, मेरा बालकहरू नखा तँलाई खीर पाकताउली दिउँला” जस्ता वाक्य विद्यार्थीहरूले दिलबहादुरले सात ओटै खाऊँलाई निकै गम्भीर मुद्रामा पढ्दै भनेको सुनेर राक्षस डरायोलाई भावानात्मक रूपमै पनि आफ्ना घटना जस्तो गरी पढ्दा विधागत आशय पनि विद्यार्थी स्वयं आफैंले वुझेको र श्रोतालाई पनि बुझाउन सकेको पाइयो । यही आधारमा त्यसरी सस्वरवाचन गर्ने विद्यार्थीहरूलाई अत्युत्तम र उत्तम स्थितिमा राखिएको हो ।

### ३.६.२ सुर, लय, आघातमा निम्न स्थिति

सुर, लय आघातले पनि अर्थ भिन्न गराउन वा अर्थमा जोड दिनमा भूमिका खेल्छ । यस्तो आरोह अवरोहले गर्दा एउटै वाक्यले विभिन्न अर्थ लगाउँछ । कक्षा ४ मा अध्ययन गर्ने विद्यार्थीहरूमा सस्वरवाचनमा सुर, लय, आघातमा ख्याल नगर्ने विद्यार्थीहरू १०० जनामा २५ जना पाइए । यी विद्यार्थीहरूले

क. अञ्जना : नमस्कार काका ! म उहाँकी छोरी अञ्जना । माफ गर्नुहोस् है काका, मैले तपाईंलाई चिन्न सकिन । बुबा बरोबर तपाईंको नाम लिइरहनुहुन्थ्यो ।

ख. पैसा खर्च गर्दा वडो होस पुऱ्याउनुपर्छ । आफूले कमाए जति सबै खर्च गरेमा भविष्यमा दु:ख हुन सक्छ । आफू अशक्त बिरामी र कमाउन नसक्ने भएको अवस्थामा वचत गरेको रकम काममा आउँछ ।

जस्ता वाक्यलाई सामान्य ढङ्ग ढाँचामा पढे मात्र । यस्ता वाक्यांशहरू विद्यार्थीहरूले केवल एकपछि अर्को शब्द उच्चारण मात्र गर्दै पैसा-खर्च-गर्दा-वडो-होस-पुऱ्याउनुपर्छ । एउटा शब्दको उच्चारण पछि एकछिन् रोकिँदै पुनः अर्को शब्द उच्चारण गर्दै पुनः रोकिदै पढेका थिए ।

## ३.७ सस्वरवाचनमा बोधगम्यता

कुनै पनि साहित्यिक विधालाई सस्वरवाचन गर्दा गति, यति, लय मिलाउनु, विराम चिह्नहरूको ख्याल गरेर पढ्नु, हाउभाउको सन्तुलन मिलाउनु, विधा अनुसारको भावाभिव्यक्ति प्रभावकारी हुनु, आघात, सुर लयको ख्याल गरी पढ्नुले मात्र पनि सस्वरवाचनको लक्ष्य र आशय पूरा भएको मानिंदैन । सफल सार्थक सस्वरवाचनमा पाठक र श्रोतालाई बोधगम्य हुनु पनि उत्तिकै आवश्यक छ । सस्वरवाचनको क्रममा विद्यार्थी आफूले पनि बुझ्नु पर्छ र अरुलाई पनि बुझाउन आवश्यक छ । यस क्रममा शोधार्थीले सस्वरवाचन गर्न लगाई पुस्तकमा उल्लिखित प्रश्नहरू सोधिएका थिए जसबाट आएका विद्यार्थीहरूका उत्तरमका आधारमा अध्ययन गरिएको बोधगम्यताको नतिजा निम्नानुसार देखाइएको छ ।

**तालिका नं. ६ सामुदायिक र संस्थागत विद्यालयको सस्वरवाचनमा बोधगम्यता सम्बन्धी तुलनात्मक अध्ययन**

| क्र.सं. | स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| ०१ | अत्युत्तम | ५ जना | १० | ४ जना | ८ |
| ०२ | उत्तम | १३ जना | २६ | १७ जना | ३४ |
| ०३ | मध्यम | १२ जना | २४ | १० जना | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| ०४ | निम्न | ११ जना | २२ | ११ जना | २२ |
| ०५ | नजान्ने | ९ जना | १८ | ८ जना | १६ |
| जम्मा | | ५० जना | १०० | ५० जना | १०० |

(स्रोत : स्थलगत अध्ययन, २०६९)

तालिका नं. ६ लाई सरकारी विद्यालयतर्फका ५० जना विद्यार्थीहरू मध्ये ५ जना अर्थात १० प्रतिशत अत्युत्तम, १३ जना अर्थात २६ प्रतिशत उत्तम १२ जना अर्थात २४ प्रतिशत मध्यम, ११ जना अर्थात २२ प्रतिशत निम्न र ९ जना अर्थात १८ प्रतिशत नजान्ने रहेका छन् । यहाँ सबभन्दा कम उत्तममा रहेका छन् । जबकि निम्न र नजान्नेमा क्रमशः ११ र ९ जना रहेका देखिन्छन् । यो परिणामलाई राम्रै नतिजाका रूपमा लिन सकिन्छ ।

निजी विद्यालय अन्तर्गतका ५० जना विद्यार्थीहरू मध्ये ४ जना अर्थात ८ प्रतिशतले अत्युत्तम, १७ जना अर्थात ३४ प्रतिशतले उत्तम, १० जना अर्थात २० प्रतिशतले मध्यम, ११ जना अर्थात २२ प्रतिशतले निम्न र ८ जना अर्थात १६ प्रतिशतले नजान्ने स्तरमा रहेका छन् । यसमा पनि सबभन्दा कम ४ जना विद्यार्थीहरू अत्युत्तम र सवभन्दा वढी विद्यार्थीहरू १७ जना उत्तम रहेका छन् । निम्न र नजान्नेमा क्रमशः ११ र ८ जना रहेका देखिन्छन् ।

तुलनात्मक रूपमा हेर्दा सरकारी र निजी दुवै विद्यालयतर्फ अत्युत्तमदेखि नजान्नेसम्मको विद्यार्थी सङ्ख्याका आधारमा एक समान रूपमा नै रहेको देखिन्छ । दुवैमा निजीतर्फ केही राम्रो भएको पाइन्छ । सरकारीका तुलनामा निजीमा अत्युत्तम र उत्तमतर्फ बढी विद्यार्थीहरू देखिएका र

न्यूनमा बराबर देखिए पनि नजान्ने पनि कमै देखिएका हुनाले नतिजा राम्रै भएको देखिन्छ । समग्रमा हेर्दा जम्मा विद्यार्थी  सङ्ख्या मध्ये अत्युत्तम ९ जना, उत्तम ३१ जना, मध्यम २१ जना, निम्न २२ जना र नजान्ने १७ जना रहेका देखिन्छन् । यसरी के भन्न सकिन्छ भने सरकारीमा भन्दा निजीमा पढाइको बोधपक्ष राम्रो देखिए पनि समग्रमा सस्वरवाचनको वोधगम्यतामा खासै नराम्रो नतिजा देखिएको पाईंदैन ।

### ३.७.१ बोधगम्यता सम्बन्धी अत्युत्तम र उत्तम स्थिति

पढेको कुरा आफूले बुझेर अरुलाई पनि बझाउने क्षमता विद्यार्थीमा के कति छ ? अर्थात सम्बन्धित पाठ पढेर त्यसमा सोधिएका प्रश्नहरूका आधारमा विद्यार्थीहरूले के कति उत्तर दिन सक्छन् भनेर हेरिएको यस शीर्षकमा ९ जना विद्यार्थीहरू अत्युत्तममा देखिएका छन् । यस शीर्षकमा अत्युत्तम, उत्तम, छुट्टयाउन शोधार्थीले सम्बन्धित विद्यार्थीले पढेको पाठ अरु विद्यार्थीले के कति बुझे भनेर प्रश्न सोधिएको थियो । साथै सोही पाठका अभ्यास अन्तर्गतका प्रश्नहरूबाट पनि बोध्य अबोध्य स्थिति हेरिएको थियो ।

क. बचत गर्नु कस्तो बानी हो ?

उत्तरः बचतगर्नु असल बानी हो ।

ख. दिलबहादुरकी फुपू कस्तो स्वभावकी थिइन् ?

उत्तर : दिलबहादुरकी फुपू छुच्ची र लोभी स्वभावकी थिइन् ।

यस्ता प्रश्नहरूको उत्तर विद्यार्थीहरूले पाठ पढेका आधारमा बुझेर दिएका थिए । साथै स्वयं सस्वरवाचन गर्ने विद्यार्थीहरूले पनि बुझेर उत्तर दिएका थिए ।

### ३.७.२ बोधगम्यता सम्बन्धी निम्न स्थिति

सस्वरवाचन गराउँदा सरकारी ११ जना र निजी ११ जना गरी जम्मा २२ जना विद्यार्थीहरूले पढेको बुझेनन् । अरु कक्षाका विद्यार्थीहरूले पनि बुझेनन् र स्वयं ती पढ्ने विद्यार्थीले पनि आफूले के पढियो बुझेनन् । बोध्य अबोध्य भएका कुरा स्वयं पाठ पढेको सुनेर कति बुझे भन्ने मूल्याङ्कन गर्न यस्ता प्रश्न सोधियो ।

क. अञ्जना कसकी छोरी हुन् ?

ख. बचत गर्नु कस्तो बानी हो ?

ग. दिलबहादुरकी फुपू कस्तो स्वभावकी थिइन् ?

यी प्रश्नहरूको विद्यार्थीहरूले उत्तर दिन सकेनन् । धेरै विद्यार्थीहरूले पढेको कुरा बुझेको पाइएन । यसरी पाठ पढेको सुनेका आधारमा विद्यार्थीहरूले उत्तर दिन नसकेका कारण विद्यार्थीहरूलाई निम्न स्थितिमा राखियो ।

## ३.८ स्पष्ट उच्चारण

पढाइमा होस या बोलाइमा, अभिव्यक्त वर्ण र शब्दको स्पष्ट उच्चारण गरी पढ्नु आवश्यक छ । उच्चारणका अस्पष्टताका कारण अभिव्यक्त कुराहरूमा अर्थको अनर्थ हुने अभिव्यक्त दुर्वल र अप्रभावकारी हुने हास्यास्पद र अशोभनीय समेत हुने कुरा लेखक, विद्वान र शोधार्थीहरूले उल्लेख गरेका छन् र यथार्थ कुरा पनि यही हो । पठनको क्रममा पहिलो भाषी विद्यार्थीहरूले त प्रशस्तै उच्चारण सम्बन्धी त्रुटिहरू गरेको पाइन्छ भने अझ दोस्रो भाषीका सन्दर्भमा त यो कुरा अवश्यम्भावी नै छ । बोलचालका क्रममा यस्ता अस्पष्ट उच्चारण प्रशस्तै भएका पाइन्छन् जुन निम्नानुसारका विद्यार्थीहरूले गरेका छन् :

**तालिका नं. ७ सामुदायिक र संस्थागत विद्यालयको स्प्ष्ट उच्चारण सम्बन्धी तुलनात्मक अध्ययन**

| क्र.सं. | स्तर | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| ०१ | अत्युत्तम | ५ जना | १० | ६जना | १२ |
| ०२ | उत्तम | २७ जना | ५४ | २६जना | ५२ |
| ०३ | मध्यम | ७जना | १४ | ६ जना | १२ |
| ०४ | निम्न | ४जना | ८ | ४ जना | ८ |
| ०५ | नजान्ने | ७ जना | १४ | ८ जना | १६ |

| | | | | | |
|---|---|---|---|---|---|
| जम्मा | | ५० जना | १०० | ५०जना | १०० |

(स्रोत : स्थलगत अध्ययन, २०६९)

अध्ययनबाट प्राप्त नतिजाका आधारमा तयार पारिएको तालिका नं. ७ अनुसार सरकारी विद्यालयमा ५ जना अर्थात १० प्रतिशत विद्यार्थीहरू अत्युत्तम, २७ जना अर्थात ५४ प्रतिशत उत्तम, ७ जना अर्थात १४ प्रतिशत मध्यम,४ जना अर्थात ८ प्रतिशत निम्न, ७ जना नजान्ने रहेका छन् । यसबाट के दखिन्छ भने सरकारी विद्यालयमा स्पष्ट उच्चारण गर्नेहरूको सङ्ख्या बढी छ । निम्न र मध्यम स्तरमा पनि क्रमशः ४ र ७ जना गरी ११ जना देखिन्छन् । यो अस्पष्ट उच्चारणमा उल्लेखनीय परिणाम हो ।

निजी विद्यालयतर्फका ५० जना विद्यार्थीहरू मध्ये ६ जना अर्थात १२ प्रतिशत अत्युत्तम, २६ जना अर्थात ५२ प्रतिशत उत्तम, ६ जना अर्थात १२ प्रतिशत मध्यम ४ जना अर्थात ८ प्रतिशत निम्न र ८ जना अर्थात १६ प्रतिशत नजान्ने रहेका छन् । यहां पनि अत्युत्तम र उत्तम स्तरका विद्यार्थी सङ्ख्यामा अधिकता पाइन्छ । यसो हुनु सस्वरवाचनमा उच्चारणका दृष्टिले सकरात्मक कुरा हो ।

तुलनात्मक रूपमा हेर्दा सरकारी र निजी दुवैतर्फ उच्चारणमा सकारात्मक नतिजा देखिएको छ । उत्तम स्तरमा सरकारी र निजीका ५० र ५० जना विद्यार्थीहरूमा क्रमशः २७ र २६ जना विद्यार्थीहरू रहेका छन् भने अत्युत्तममा पनि क्रमशः ५ र ६ जना हुनु राम्रो पक्ष हो ।

समग्रमा हेर्दा सरकारी र निजी दुवैमा ११ जना अत्युत्तम ५३ जना उत्तममा, १३ जना मध्यममा, ८ जना निम्न र १५ जना नजान्ने स्तरमा रहेका छन् । सबभन्दा वढी विद्यार्थीहरू उत्तम स्तरमा ५३ जना रहेका छन् भने सबभन्दा कम ८ जना निम्न स्तरमा रहेका छन् । यसबाट पनि प्राथमिक तहमा कक्षा ५ का विद्यार्थीहरूको सस्वरवाचनमा स्पष्ट उच्चारण राम्रै स्तरमा भएको देखिन्छ ।

### ३.८.१ स्पष्ट उच्चारण सम्बन्धी अत्युत्तम र उत्तम स्थिति

सरकारी र निजी विद्यालयमा गरी ११ जना विद्यार्थीहरूले अत्युत्तम र ५३ जना विद्यार्थीहरूले उत्तम स्थितिमा स्पष्ट उच्चारण गरेर विशेष गरी पहिलो भाषी विद्यार्थीहरूले स्पष्ट उच्चारण गरेका थिए । सस्वरवाचनमा विद्यार्थीहरूले दिइएको पाठका अभ्यास अप्ठ्यारा शब्दहरू जस्तै: सङ्ख्या, भविष्य, चाडपर्व, ब्रतवन्ध, ढिंडी, खुर्सानी, खिरपाक, ताउली, घटघट, अम्खोरा, तिर्खा, आदि शब्दगत रूपमा स्पष्ट उच्चाण गरे । त्यसरी नै वाक्यगत रूपमा पनि विद्यार्थीहरूले धनी मानिसहरूसँग धेरै धन सम्पत्ति हुन्छ तर यस्ता मानिसहरूको सङ्ख्या थोरै छ जस्ता वाक्य स्पष्ट उच्चारण गर्दै पढेका थिए ।

### ३.८.२ स्पष्ट उच्चारण सम्बन्धी निम्न स्थिति

सस्वरवाचन गर्दा शब्द वाक्य, अनुच्छेद, आदि तहमा विद्यार्थीहरूले उच्चारण गर्दा कस्ता कस्ता कमी कमजोरी गरे भन्ने कुरा पनि हेरियो । यस शीर्षकमा मध्यम र निम्नमा गरी सरकारी र निजी विद्यालयमा २१ जना विद्यार्थीहरूले उच्चरणमा विभिन्न किसिमका गल्ती कमजोरी गरेको पाइयो । विशेष गरी दोस्रो भाषी विद्यार्थीहरूले उच्चारणमा स्पष्टता देखाउन सकेनन् । दोस्रो भाषी विद्यार्थीहरूमा नेवारी, तामाङ, लिम्बू, शेर्पा, आदि थरिका विद्यार्थीहरू गल्ती गर्ने पाइए । हुन त उच्चारण सम्बन्धी गल्तीहरू विभिन्न तहमा राखेर हेर्न सकिन्छ । तर यहाँ विद्यार्थीहरूले शब्दगत र वचनगत तहमा गरेका उच्चारण सम्बन्धी गल्तीका प्रकृति यस्ता रहेका छन् ।

**शब्दगत**

| | |
|---|---|
| गएको | गाको |
| व्रतवन्ध | बतपन्द |

| | |
|---|---|
| फजुल | फजल |
| धौधौ | दौदौ |
| अञ्जना | अञ्जुना |
| चिन्नै | चिन्नु |
| बजारतिर | बजारतिर |
| झुपडी | झुप्रो |
| खाजा | खान |
| खान | खानु |
| भएका | भाको |
| टाढा | टाढो |

**वचनगत**

थिर पाकताउली दिउंला, त्यहि बारीमा मकै कोदो लगाउंथ्यो । संयोगले उ बठेको रुखमुनी थुलो ओदार रहेछ, वचत गर्नाले सबैको हिट हुन्छ, धेरै जसो मानिट गरिव छन् । यसरी विद्यार्थीहरूले उच्चारणमा निम्न स्थिति देखाएका थिए ।

## ३.९ सस्वरवाचनमा हुन नहुने पक्षहरू

माथिका स्तम्भहरूमा सस्वरपठनमा हुनपर्ने अत्यावश्यक पक्षहरूका सम्बन्धमा यथार्थपरक प्रस्तु गरियो । सस्वरवाचनमा गति, यति र लय, विराम चिह्नहरूको प्रयोग, हाउभाउको सन्तुलन, विधा अनुसारका भावाभिव्यक्ति, आघात, सुर, लय, बोध र स्पष्ट उच्चारण जस्ता सकरात्मक पक्षहरू हुन्  जसको अभावमा सफल सस्वरवाचन असम्भवप्राय देखिन्छ । माथिको अध्ययनबाट यी समग्र पक्षमा मध्यम र निम्न तथा छिटफुट रूपमा उत्तमको नतिजा निस्किएको छ । निम्न र नजान्नेहरूको सङ्ख्या पनि उल्लेखनीय नै छ । सस्वरवाचनमा हुनु पर्ने पक्षहरूको विभिन्न शीर्षकमा चर्चा गरेपछि हुन नहुने केही प्रवल पक्षहरूको झल्को प्रस्तुत नगरेर सस्वरवाचन अध्ययन अपूरो रहन्छ भन्ने कुरा मनन गरी शोध निर्देशकको सल्लाह अनुसार शोधार्थीले यसको अध्ययन गरी नतिजा प्रस्तुत गरिएको छ । हुन नहुने पक्षहरूमा विशेषतः अक्मकाएर पढ्न नहुने, दोहोऱ्याएर पढ्न नहुने, थेगो प्रयोग गर्न नहुने र भाषिक प्रभाव पर्न नहुने जस्ता बुँदाहरू छनो्ट गरिएको छ । यिनै आधारमा सरकारी र निजी विद्यालयका ५०/५० जना विद्यार्थीहरू माथि गरिएको अध्ययन तल प्रस्तुत छ जुन तल तालिकामा निम्नानुसार देखाउन सकिन्छ :

**तालिका नं. ८ : सामुदायिक र संस्थागत विद्यालयको सस्वरवाचनमा हुन नहुने पक्षहरु**

| क.सं | सस्वरवाचनमा हुन नहुने पक्षहरू | सामुदायिक विद्यालय | | संस्थागत विद्यालय | |
|---|---|---|---|---|---|
| | | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| ०१ | अक्मकाएर पढ्ने | १५ जना | ३० | १२जना | २४ |
| ०२ | थेगो प्रयोग गर्ने | ४जना | ८ | ६जना | १२ |
| ०३ | दोहोऱ्याएर पढ्ने | ११ जना | २२ | १४ जना | २८ |
| ०४ | भाषिक प्रभाव | २०जना | ४० | १८जना | ३६ |

| | | | | |
|---|---|---|---|---|
| जम्मा | ५० जना | १०० | ५०जना | १०० |

(स्रोत : स्थलगत अध्ययन, २०६९)

तालिका नं. ८ बाट के देखिन्छ भने सरकारी विद्यालयमा अध्ययन गरिएका ५० जना विद्यार्थीहरू मध्ये अक्मकाएर पढ्ने १५ जना, अर्थात ३० प्रतिशत, थेगो प्रयोग गर्ने ४ जना अर्थात ८ प्रतिशत, दोहोऱ्याएर पढ्ने ११ जना, अर्थात २२ प्रतिशत र भाषिक प्रभावबाट प्रभावित भएर पढ्ने २० जना अर्थात ४० प्रतिशत देखिएका  छन् । यहाँ सबभन्दा कम थेगो प्रयोग गर्ने विद्यार्थीहरू ४ जना छन् भने सवभन्दा बढी भाषिक प्रभावका कारण सस्वरपठन गर्न कठिनाइ हुने २० जना देखिन्छन् । विभिन्न भाषाभाषीको अत्याधिक चाप रहेको र त्यस्ता विद्यार्थीहरूको बाहुल्य भएको हुनाले यसो हुनु स्वभाविकै हो ।

त्यस्तै गरेर निजी विद्यालयमा अध्ययनरत ५० जना विद्यार्थीहरूमा सस्वरवाचनको क्रममा अक्मकाएर पढ्ने १२ जना अर्थात २० प्रतिशत, थेगो प्रयोग गरेर पढ्ने ६ जना अर्थात १२ प्रतिशत, दोहोऱ्याएर पढ्ने १४ जना अर्थात २८ प्रतिशत र भाषिक प्रभाव सम्बन्धी कठिनाइ हुनेहरूमा १८ जना अर्थात ३६ प्रतिशत देखिएका छन् । यहाँ पनि सवैभन्दा कम थेगो प्रयोग गरेर पढ्नेमा ६ जना अर्थात १२ प्रतिशत र सवैभन्दा बढी भाषिक प्रभाव सम्बन्धी कठिनाइ भएका १८ जना अर्थात ३६ प्रतिशत नै रहेका छन् ।

तुलनात्मक रूपमा हेर्दा दुवै विद्यालयमा कम थेगो प्रयोग गर्ने विद्यार्थी  देखिएका छन् भने सवै भन्दा बढी  भाषिक प्रभाव सम्बन्धी कठिनाइ हुनेहरू देखिएका छन् । त्यसपछि दोहोऱ्याएर पढ्ने र अक्मकाएर पढ्नेहरू पनि सामान्य रूपमा रहेका छन् । दुवैको अध्ययनबाट के प्रष्ट हुन्छ भने थेगो प्रयोग गर्ने विद्यार्थीहरू न्यूनतम देखिएका छन् भने भाषिक प्रभावका विद्यार्थीहरू वढी देखिन्छन् ।

समग्रमा हेर्दा अक्मकाएर पढ्ने जम्मा १०० जनामा १८ जना थेगो, प्रयोग गर्ने २७ जना, दोहोऱ्याएर पढ्ने २५ जना र भाषिक प्रभावम आएर पढ्ने २८ जना देखिएका छन् । यसबाट पनि कक्षा ५ का विद्यार्थीहरूमा थेगो प्रयोग गर्ने कम र भाषिक प्रभावमा प्रभावित भएर पढ्ने नै बढी देखिन्छन् । यस अध्ययनबाट नेपाली भाषामा सस्वरवाचनमा विभिन्न कठिनाइ पर्ने विद्यार्थीहरू दोस्रो भाषी नै देखिन्छन् ।

# अध्याय चार

# निष्कर्ष र सुझाव

## ४.१ निष्कर्ष

सस्वरवाचन भाषा शिक्षणको महत्त्वपूर्ण पक्ष हो । त्यसैले भाषा शिक्षणका क्रममा सस्वरवाचनका आधारभूत पक्षहरूमा सचेत हुन आवश्यक हुन्छ । प्राथमिक कक्षाहरूदेखि नै यसतर्फ विचार पुऱ्याउँदै स्तर अनुरूपको सस्वरवाचन शिक्षण हुन आवश्यक छ । सस्वरवाचनका क्रममा अनिवार्य रूपमा रहनु पर्ने केही पक्षहरू छन् । गति यति मिलाउने, विराम चिह्नहरूको ख्याल गरी पढ्ने क्रममा अक्षर, शब्दहरू र चिह्नहरूलाई ख्याल गर्दै शारीरिक चेष्टा, हाउभाउ सञ्चालन गरी प्रभावपूर्ण तरिकाले पढ्ने गर्नुपर्छ । त्यस्तै पढाइका क्रममा पाठ वा विधा अनुसार आफ्नै प्रकृति झल्कने भावाभिव्यक्ति पनि हुन आवश्यक छ । सफल सस्वरवाचनमा सुर, लय र आघात मिलाई स्वरको आरोह अवरोह मिलाउनु पर्ने हुन्छ ।

पढिएका कुरा पाठक अर्थात प्रस्तोता र श्रोता अर्थात दर्शकका निमित्त बोधगम्य हुनु पर्छ । सस्वरवाचनमा प्रत्येक वर्ण र शब्दहरूको सही र स्पष्ट उच्चारण हुनु पर्दछ । सफल सस्वरवाचनमा केही पक्षहरूको निषेध गरिनु आवश्यक छ । पढ्ने क्रममा अक्मकाएर पढ्ने, अक्षर चपाएर पढ्ने, दोहोऱ्याउने, भकभकाउने, कम वा वढी अडान गरी पढ्ने तथा थेगो प्रयोग गर्ने जस्ता नराम्रा पक्षहरू हटाउनु पर्छ अनि मात्र पठन रसपूर्ण र प्रभावमय बन्न सक्दछ ।

उपर्युक्त तथ्यहरूका आधारमा नै यो अध्ययन गरिएको छ । अध्ययनका क्रममा पाँचथर जिल्लाका ५ ओटा निजी र ५ ओटा सरकारी गरी जम्मा १० वटा विद्यालयका जम्मा १०० जना विद्यार्थीहरूबाट प्राप्त नतिजाकै आधारमा व्याख्या विश्लेषण गरिएको छ । यसैको आधारमा केही महत्त्वपूर्ण निष्कर्षहरू निकालिएका  छन् । यी निष्कर्षहरू अत्यन्तै सान्दर्भिक र औचित्यपूर्ण देखिएका छन् । ती निष्कर्षहरूलाई तल बुँदागत रूपमा देखाइएको छ ।

- गति र यति सम्बन्धी अध्ययनका लागि सरकारी र निजी विद्यालयका ५०/५० जना गरी जम्मा १०० जना नै सहभगी थिए । सबैको छुट्टाछुट्टै सस्वरवाचन गराइएको र प्राप्त नतिजालाई पाँच स्तरमा श्रेणीकरण गरिएको थियो । यसबाट के निष्कर्ष निकाल्न सकिन्छ भने दुवै थरी विद्यालयका बढी विद्यार्थीहरू मध्यम स्तरमा परेका छन् । निजीभन्दा केही मात्रामा सरकारी विद्यालयमा केही राम्रो नतिजा देखिएको छ । यस आधारमा के भन्न सकिन्छ भने दुवै विद्यालयमा मध्यम स्तरको सस्वरवाचन हुँदोरहेछ भने निजीमा भन्दा सरकारीमा केही मात्रामा राम्रो स्तर देखिन्छ ।

- विराम चिह्नहरूको ख्याल गरी पढ्ने विद्यार्थीहरू पनि पाँच वर्गमा बाँडेर हेर्दा सवैभन्दा बढी विद्यार्थीहरू मध्यम स्तरमा नै देखिएका थिए । सबभन्दा कम सरकारीमा ३ जना र निजीमा ४ जना रहेका छन् । मध्यम स्तरका भने सरकारीमा १९ जना अर्थात ३८ प्रतिशत र निजीमा २२ जना अर्थात ४४ प्रतिशत विद्यार्थीहरू देखिएका छन् । सरकारी र निजी दुवैमा अत्युत्तम १० जना, उत्तम २५ जना मध्यम ४१ जना निम्न १६ जना र नजान्नेमा ८ जना रहेका छन् । यसबाट के देखिन्छ भने बढी विद्यार्थीहरूले मध्यम स्तरकै पठन गर्दा रहेछन् । तुलनात्मक रूपमा हेर्दा निजीमाभन्दा सरकारीमा नै केही राम्रो स्तरको सस्वरवाचन भएको देखिन्छन् ।

- सस्वरवाचनमा पढाइसँग हाउभाउको प्रदर्शनले पठनमा सजीवता प्रदान गरी सुरुचिपूर्ण बनाउँदछ । त्यस कारण हाउभाउको सन्तुलनलाई हेर्दा निजी विद्यालयमा सवभन्दा बढी विद्यार्थीहरूले निम्न स्तरको नतिजा देखाएका छन् भने सरकारी विद्यालयतर्फ पनि निम्नस्तरमा नै वढी विद्यार्थीहरू देखिएका छन् । सवभन्दा कम सङ्ख्यामा भने निजी र सरकारी विद्यालयमा क्रमशः अत्युत्तममा २ जना र ४ जना देखिएका छन् । समग्रमा हेर्दा पनि सवैभन्दा बढी निम्नमा ४० जना र सबैभन्दा कम विद्यार्थीहरू अत्युत्तममा जम्मा ६ जना रहेका छन् । अत्युत्तम स्तरमा जुनसुकै क्षेत्रमा कम हुने भएकाले नतिजा राम्रो मानिंदैन र मध्यम स्तरमा देखिएका नतिजालाई केही सुधार गर्नुपर्ने सङ्केत हुन्छ ।

- कक्षा ५ का विद्यार्थीहरूमा स्वभाविक रूपमा नै विधा अनुसारको भावाभिव्यक्तिमा कमजोर देखिनु अर्थात हुनु आश्चर्यको कुरा होइन । यसको फलस्वरूप बढी विद्यार्थीहरू निम्न स्तरमा देखिएका छन् । निजीमा कम्तीमा ३ जना उत्तममा र सबभन्दा बढी निम्नमा २१ जना देखिन्छन् भने सरकारीतर्फ कम्तीमा ५ जना अत्युत्तम र वढीमा २२ जना देखिन्छन् । त्यसै गरी समग्रमा पनि बढी विद्यार्थीहरू निम्न स्तरमा १०० जनामा ४३ जना देखिन्छन् । यसबाट के निष्कर्षमा पुग्न सकिन्छ भने विधा अनुसारको भावाभिव्यक्तिमा कक्षा ५ का विद्यार्थीहरू कमजोर नै देखिएका छन् । त्यसकारण शिक्षणमा पनि यसतर्फ कक्षास्तर अनुसारको प्रभावकारी र सुधारात्मक बाटो अवलम्वन गर्न आवश्यक छ ।

- सस्वरवाचनमा सुर, लय, आघातको स्थितिलाई अध्ययन गर्दा निजी विद्यालयमा सबभन्दा बढी १४ जना विद्यार्थीहरू निम्न स्तरमा परेका छन् भने कम्तीमा अत्युत्तम ५ जना रहेका छन् । उत्तम र मध्यममा क्रमशः १३/१२ जना रहेका छन् । त्यस्तै सरकारी तर्फ बढीमा १८ जना मध्यम स्तरमा रहेका छन् भने सबभन्दा  कममा ५/५जना अत्युत्तम र नजान्नेमा रहेका छन् । समग्रमा हेर्दा निम्नमा २५ जना देखिन्छन् । कम विद्यार्थीको स्तर अत्युत्तममा रहेको छ । यसबाट के निष्कर्ष निस्कन्छ भने कक्षा ५ का विद्यार्थीहरूले सुर, लय र आघातमा निम्न स्तरमा नै रहेका छन् । यसमा पनि निजीमा भन्दा सरकारीको स्तर केही राम्रो देखिन्छ ।
- सस्वरवाचनमा पढाइ पाठक श्रोता सवैमा बोध्य हुनु आवश्यक छ के कति बोध्य भएको छ वा छैन भनेर हेर्दा निजी विद्यालयमा बोध्यताको स्तर खस्कँदो छ । यसका तुलनामा सरकारीमा केही बढदो अर्थात सामान्य नै स्थिति देखिन्छ । निजी विद्यालयमा १७ जनाले उत्तम स्तरको नतिजा देखाएका छन् भने ४ जनाा अत्युत्तममा देखिएका छन् । त्यस्तै सरकारी विद्यालयमा १२ जना विद्यार्थीहरू मध्यम स्तरमा रहेका छन् । जुन आनुपातिक रूपमा सबभन्दा बढी विद्यार्थी सङ्ख्या हो । त्यस्तै सबभन्दा कममा ५ जना अत्युत्तममा परेका छन् । समग्रमा हेर्दा चाहिं अन्य स्तरमा भन्दा बढी ३१ जना उत्तम स्तरमा परेका छन् भने सबभन्दा कम विद्यार्थीहरूमा ९ जना अत्युत्तममा परेका छन् । यसबाट के देखिन्छ भने निजीमा भन्दा सरकारीमा पढाइमा बोध्यताको स्तर केहि स्तरीय देखिन्छ ।
- उच्चारणमा शुद्धता र स्पष्टता देखिएपछि मात्र सस्वरवाचनमा सफलता हासिल गर्न सकिन्छ । सस्वरवाचनमा प्रत्येक वर्ण र शब्दहरूको स्पष्ट उच्चारण हुनु आवश्यक छ । सस्वरवाचनका अन्य पक्षहरूमा जतिसुकै राम्रो समन्वय र सन्तुलन देखिए पनि उच्चारणमा स्पष्टता छैन भने पढाइको ध्येय पूरा हुन सक्दैन । त्यसैले यसको नतिजालाई हेरेर व्याख्या विश्लेषण गरी कुन निष्कर्षमा पुग्न सकिन्छ भने निजी विद्यालयमा उत्तम स्तरको सङ्ख्यात्मक परिणाम २६ जना विद्यार्थीहरू देखा परेका छन् भने कम विद्यार्थीहरू निम्न स्तरमा नै देखिन्छन् । सरकारी विद्यालयमा २७ जना उत्तममा देखिन्छन् भने ४ जना नजान्ने देखिन्छन् । यसबाट पनि निजीको तुलनामा सरकारीमा नै राम्रो र प्रभावकारी

नतिजा देखिन्छ । समग्रमा अत्युत्तम र उत्तमका सङ्ख्यात्मक परिणाम राम्रो नै देखिन्छ । त्यसैले दुवै विद्यालयमा सस्वरवाचनको क्रममा स्पष्ट उच्चारण राम्रो स्तरमा हुँदारहेछ ।

उपर्युक्त अध्ययनबाट विद्यार्थीहरूको सस्वरवाचनको तथ्याङ्कीय प्रस्तुति र व्याख्या विश्लेषणबाट त्यसको स्थिति पनि प्रष्टसँग देखिएको छ । अध्ययनका आधारमा सबै पक्षहरूमा सामान्यतया मध्यम स्थिति देखिएको छ । यति भएर पनि निजीका तुलनामा सरकारी विद्यालयका विद्यार्थीहरूको सस्वरवाचनको स्थिति राम्रो देखिन्छ । सरकारी विद्यालयका विद्यार्थीहरूले पनि स्पष्ट उच्चारण र गति, यति, अत्युत्तम र उत्तम स्थिति देखाएका छन् । विधानुसारको भावाभिव्यक्ति र हाउभाउको प्रदर्शनमा चाहिं दुवै विद्यालयका विद्यार्थीहरूको निम्न र निम्नतम स्थिति रहेको छ ।

सस्वरवाचनको समग्र स्थितिलाई हेर्दा विद्यार्थीहरूले कहीं बढी विराम गरेका कहिं कम विराम गरेक,अन्य विराम चिह्नहरूलाई ख्याल नगरी स्वर प्रसारण र आरोह -अवरोह नमिलाएका हाउभाउ र अङ्ग सञ्चालमा पनि उपयुक्तता हुन नसकेको स्थिति छ ।

केही विद्यार्थीहरूले भने राम्रै स्थिति पनि देखाएका छन् । सस्वरवाचनका क्रममा अध्ययन गर्न खडा गरिएका समग्र पूर्वाधारहरू र पक्षहरूका आधारमा हेर्दा आनुपातिक रूपमा क्रमशः मध्यम, उत्तम, निम्न, अत्युत्तम र नजान्ने वा निम्नतमको स्थिति देखिएको छ । यो तथ्यलाई प्रमाणिक बनाउन तथ्याङ्कीय तालिकालाई हेरेमा समेत प्रष्ट हुन्छ । यस क्रममा अध्ययन गरिएका विभिन्न पक्षहरूमा विद्यार्थीहरूले …… पैसा खर्च गर्दा बडो होस पु-याउनुपर्छ । आफूले कमाए जति बचाउन नसक्ने भएको अवस्थामा बचत गरेको रकम काममा आउँछ जस्ता वाक्यमा प्रयोग भएका चिह्न ख्याल नगरी गति, यति पनि मिलाएनन् र वाक्यांशलाई शब्द शब्द गरी छुट्याएर पढे ।

त्यस्तै आफू अशक्त विरामी र कमाउन नसक्ने आदि । त्यसै गरी वाक्यमा प्रयोग भएका प्रश्नचिह्न (?), पूर्णविराम (।), अल्पविराम (,) आदिको राम्ररी सही ठाउँमा प्रयोग गरी पढे भने केही विद्यार्थीहरूले चिह्नको ख्याल गरेनन् । हाउभाउ र भावाभिव्यक्तिमा विद्यार्थीहरू निम्नमा बढी देखिए । विद्यार्थीहरूले विधानुसार भावाभिव्यक्ति र हाउभाउ मिलाउन सकेनन् । सुर, लय, आघातमा पनि विद्यार्थीहरूलाई त्यही पाठमा आधारित प्रश्न गर्दा धेरैले उत्तर दिए भने केहीले पढेको सुनेको आधारमा बुझेनन् । स्पष्ट उच्चारणमा स्थिति राम्रो देखिन्छ । विशेष गरी दोस्रो भाषा नेपाली हुने विद्यार्थीहरूलाई उच्चारणमा कठिनाइ परेको कुरा माथि नै देखाइएको छ ।

निजीका तुलनामा सरकारी विद्यालयमा विद्यार्थीहरू सस्वरवाचनमा राम्रा हुन्छन् भन्ने धारणा यहाँ प्रतिपादन गर्न सकिन्छ । माथिका सबै, शीर्षक तथा स्तम्भहरूमा सरकारीकै नतिजा राम्रो देखिन्छ । यसका प्रमुख कारण नेपाली माध्यममा पठन र शिक्षण नेपाली भाषिक वातावरण नै हुन् ।

## ४.२ सस्वरवाचनमा हुने समस्याहरु

अध्ययनबाट प्राप्त नतिजाका आधारमा के भन्न सकिन्छ भने कक्षा ४ का विद्यार्थीहरू नेपाली सस्वरवाचनमा कमजोर हुँदा रहेछन् किनभने अधिकांश विद्यार्थीहरू मध्यम र निम्न स्तरमा परेका छन् । केही विद्यार्थीहरू उत्तम र अत्युत्तममा देखिए पनि तिनीहरूको सङ्ख्या अत्यन्त कम रहेको छ । सस्वरवाचमा सकरात्मक अर्थात हुनुपर्ने कुराहरूको तुलनामा हुन नहुने कुराहरूको प्रवलता भेटिन्छ । सस्वरवाचनका गति, यति, विराम चिह्नहरूको प्रयोग, हाउभाउको सन्तुलन, विधानुसारका भावाभिव्यक्ति, बोध्यता, स्पष्ट उच्चारण, सुर, लय, आघात आदि पक्षहरूमा धेरै हदसम्म कमजोर देखिन्छ ।

सस्वरवाचनमा हुन नहुने कुराहरू अक्मकाएर पढ्ने, दाहोऱ्याएर पढ्ने, भाषिक प्रभावबाट प्रभावित भएर पढ्ने तथा थेगो प्रयोग गर्ने आदिको प्रवलता भेटिन्छ । यसो हुनाका केही कारणहरू छन् । तिनैको संक्षिप्त चर्चा गर्न प्रयास गरिएको छ ।

१. सस्वरवाचमा गति यतिलाई हेर्दा १०० जना विद्यार्थीहरूमा ५४ जना मध्यम र १२ जना निम्नमा रहेका छन् । यो कमजोरीको सङ्केत स्पष्ट रूपमा देखिएको छ । विभिन्न साहित्यिक विधा अनुसारका गति, यति फरक फरक हुन्छन् । त्यही अनुसार गति, यति मिलाई सस्वरवाचन गर्नु पर्दछ । तर त्यसो हुन सकेको पाइएन । यसका कारण विद्यार्थीहरूमा गति, यतिको धारणा नहुनु, शिक्षणका क्रममा विचार नपुऱ्याउनु, सस्वरपठनको आधारमा जोड नदिनु आदि नै देखिएका छन् ।
२. विराम चिह्नहरूको राम्ररी ख्याल गरेर पढेको पाइन्न । किनभने जम्मा विद्यार्थीहरूमा ४१ जना मध्यम, १६ जना निम्न स्तरमा देखिएका छन् । राम्रो स्तरमाभन्दा नराम्रो स्तरमा बढी विद्यार्थीहरू देखिएका छन् । भाषामा प्रयोग हुने पूर्णविराम, प्रश्नचिह्न, अल्पविराम र उद्गार चिह्नहरू नै प्रमुख हुन्छन् । कक्षा वा तह अनुसार यसको आधारभूत धारणा दिई प्रयोगमा अभ्यास गराउनु पर्छ तर शिक्षकहरूको क्षमता र दक्षताका कमीका कारण यस सम्बन्धी धारणाको कमीले शिक्षण प्रक्रियामा न्यूनता, प्रयोग अभ्यासको कमी र भाषिक प्रभाव नै रहेका छन् ।
३. पठनको क्रममा पाठको प्रकृति र भाव अनुसार अङ्ग सञ्चालन, हाउभाउको सन्तुलन मिलाएको छैन । यसमा निम्न र नजान्ने स्तरमा बढी विद्यार्थीहरू रहेका छन् । गति, यति, विराम चिह्न आदिकै ख्याल गर्न नसक्ने विद्यार्थीहरूले तथा गराउन सक्षम नभएका शीर्षकहरूको सन्दर्भमा हाउभाउको सन्तुलनमा कमजोरी देखिनु स्वभाविक कुरा नै हो । त्यसैले माथि १ र २ नं. का कारण यहाँ समावेश हुनु पर्दैन । यस

बाहेक शिक्षकले हाउभाउको सन्तुलन नमिलाई शिक्षण गर्नु, विद्यार्थीहरूलाई हाउभाउको धारणा नहुनु, भाषाभाषीको मौलिक प्रकृतिले सन्तुलन नमिल्नु, नेपाली भाषिकागत प्रभाव हुनु आदि नै कमजोरीका कारण रहेका छन् ।

४. विधा अनुसारको भावाभिव्यक्ति मिलाई सस्वरवाचन गर्ने विद्यार्थीहरू पनि कम नै देखिन्छन् । धेरै विद्यार्थीहरु मध्यम, निम्न र नजान्ने स्तरमा रहेका छन् । यसको कारण शिक्षकमा कथा, निवन्ध, प्रवन्ध, संवाद आदि विधामा कस्ता भावाभिव्यक्ति हुनु पर्छ भन्ने कुराको ज्ञान र शिक्षणको सिप नै नभएको पाइयो । शिक्षक आफूले पठन शिक्षणमा हाउभाउ मिलाउन सक्दैन भने उसबाट उत्पादित साधनबाट त्यस्तो कुराको अपेक्षा गर्नु अनर्थ हुन्छ । यस सम्बन्धी कमजोरीको मूल कारण पनि यही हो ।

५. आघात, सुर र लयमा पनि राम्रो र सन्तुलन मिलाएका छैनन् । यो ४ कक्षाका विद्यार्थीको लागि आफैंमा जटिल कुरा हो । तापनि कथ्य भाषामा पनि अभिव्यक्ति सञ्चालनमा आफ्नै किसिमको भाका जोड दियाइ र सुर शैली आदि हुन्छ । त्यसैको प्रभावबाट स्पष्ट रूपमा पढ्न सक्ने विद्यार्थीहरूले आफ्नै सुर, लय र आघात मिलाएर पढेको पाइयो । यसका कमजोरीका कारणमा भाषिक प्रभाव, शिक्षण कार्यकलापमा कमी र विद्यार्थीहरूमा अभ्यासको कमी आदि रहेका छन् ।

६. सस्वरवाचनमा बोध्यता हुनु आवश्यक छ । यस अनुसार विद्यार्थीहरूलाई नियोजित पाठ पढ्न लगाई त्यसका बोध अभ्यास प्रश्नोत्तर गराउँदा उत्तम स्तरमा अरुभन्दा बढी ३१ जना विद्यार्थीहरू देखिन्छन् । स्तर अनुसार प्रश्नहरूमा नतिजा (मौखिक उत्तर) सन्तोषजनक नै आएको कारण बोधगम्यता राम्रै स्तरमा भएको पाइएको छ । राम्रो स्तरमा नतिजा देखिनाका कारण शिक्षकले बोधतर्फ ध्यान दिएका व्याख्यानबाट शिक्षण गर्दा बोध क्षमता केही न केही बृद्धि हुने आदि हुन् । पठनमा नेपाली भाषा शिक्षण अन्य विषय जस्तै नेपालीलाई पनि बोधक्षमता विकासमा केन्द्रित गरी शिक्षण भएको पाइन्छ । फलस्वरूप नेपाली विषयका विद्यार्थीहरूमा पनि बोधात्मक धारणा मात्र विकसित भएको पाइन्छ । अन्य सिपमा भने कमजोर नै देखिन्छ ।

७. सस्वरपठनका क्रममा प्रत्येक वर्ण र शब्दको स्पष्ट उच्चारण भएमा मात्र पठन सार्थक हुन्छ । प्रस्तुत अध्ययनमा स्पष्ट उच्चारण गर्नेहरूमा जम्मा ५३ जना उत्तम स्तरमा देखिएका छन् । समग्रमा उच्चारण शुद्ध र स्पष्ट नै भएको पाइन्छ । यसको कारण विद्यार्थीहरूको बोध स्पष्टता, प्रभावकारी उच्चारण शिक्षण आदि नै प्रमुख रहेका छन् । तापनि दोस्रो भाषाका स्तरमा नेपाली सिक्नेमा भने आफ्नो मातृभाषालाई प्रभाव उच्चारणमा कठिनाइ भएर त्रुटिहरू भएका छन् ।

## ४.३ सुझावहरू

सस्वरवाचन भाषा शिक्षणको महत्त्वपूर्ण र आधारभूत पक्ष हो । विद्यार्थीको भाषा सिकाइको थालनी सुनाइ बोलाइबाट भए पनि साक्षरताको खुड्किलो प्रथमत पढ्ने क्षमता नै हो र पठन क्षमताको आधारशिला चाहिं सस्वरपठन हो । यसबाट भाषासिकाइका अरु समग्र पक्षहरू प्रभावित हुन्छन् । त्यसैले सस्वरवाचन शुद्ध, स्पष्ट सन्तुलित र आदर्श हुनु पर्छ । सस्वरवाचन गर्दा विभिन्न कुराहरूको ख्याल गरिनु पर्छ । यस क्रममा पाठ वा विधा अनुसार गति र यतिको सार्थक सन्तुलन मिलाउनु पर्दछ । लेख्य चिह्नहरूलाई भाव अनुसार पढी पढाइमा जीवन्तता दिनुपर्दछ । यसमा हाउभाउको सन्तुलनका साथै सुर, लय र आघातको समुचित प्रयोग हुन सक्नु पर्दछ । त्यति मात्र नभई पढिएको कुरामा भावाभिव्यक्ति, उच्चारण, उच्चारण शुद्धता आदि भाषिक र भाषिकेत्तर तत्वहरू समावेश गरिनुपर्दछ ।

सस्वरवाचन जस्तो आधारभूत र गम्भीर कुरालाई नेपाली विषय शिक्षकहरूले सिद्धान्त अनुसार प्राथमिक एक कक्षादेखि नै कक्षा कार्यकलापको एक अभिन्न अङ्गका रूपमा सञ्चालन गर्नु पर्ने देखिन्छ । किनभने अध्ययनका क्रममा जति विद्यार्थीहरूबाट तथ्याङ्क सङ्कलन गरियो तिनीहरूमा सस्वरवाचनका नाममा छुट्टै शिक्षण नगरेको पाइयो । तसर्थ यसमा सम्बन्धित व्यक्तिहरूले ध्यान पऱ्याउनु आवश्यक देखिन्छ ।

तल्लो तहका विद्यार्थीहरूलाई सस्वरवाचन उपर अभ्यस्त बनाउन र सफल शिक्षण गर्न नेपाली भाषा शिक्षण गर्दा अपनाइने क्रियाकलापहरूमा शिक्षक स्पष्ट हुनु पर्दछ । त्यसका लागि प्रा.डा.अधिकारीद्वारा लिखित नेपाली भाषा शिक्षण (२०५९) र प्रा.डा. अधिकारी र शर्मा ( २०६४) द्वारा लिखित प्रारम्भिक नेपाली शिक्षणमा उल्लेख गरिएका अन्य कुराहरूका साथै सस्वरपठन नामक अध्ययनका सूचना र जानकारीहरू माथि स्पष्ट भई त्यहाँका उपयोगी क्रियाकलापहरू अक्षरशः पालना गर्नु आवश्यक देखिन्छ ।

नेपाली भाषाशिक्षण गर्दा विभिन्न साहित्यिक कथा अनुसारका भावाभिव्यक्ति गति, यति, हाउभाउ आदि पक्षहरू फरक-फरक हुन्छन् । त्यसकारण कुन विधालाई कसरी सस्वरवाचन गरेमा शिक्षण प्रभावकारी हुन्छ साथै सस्वरवाचन शिक्षणमा शिक्षकको प्रभावकारी भूमिका के हो ? र अझ सस्वरवाचन शिक्षणलाई कसरी जीवन्तता प्रदान गर्न सकिन्छ भन्ने विषयमा नेपाली भाषा शिक्षक चिन्तित तथा स्पष्ट हुन आवश्यक छ । त्यसैले शिक्षक एक आदर्श र उत्कृष्ट नमुनाका रूपमा कक्षाकोठामा प्रस्तुत हुन सक्नु पर्दछ जसको अनुकरण गरेर विद्यार्थीहरूले भाषिक सिप सफलतापूर्वक हासिल गर्न सक्दछन् ।

प्रस्तुत अध्ययनमा सस्वरवाचनका विविध पक्षहरूलाई राखेर हेर्दा सस्वरवाचनको स्तरमा मध्यम, निम्न र नजान्ने विद्यार्थीहरूको सङ्ख्या अत्याधिक रहेको छ । उत्तम र अत्युत्तमको स्तरमा पुग्न शिक्षक र विद्यार्थीले धेरै सुधार गर्नु पर्ने देखिन्छ । त्यसैले सरकारी निजी दुवै विद्यालयमा सस्वरपठन शिक्षणका विविध विधि, प्रविधि, तौर तरिकाहरू अवलम्वन गरी विद्यार्थीहरूको स्तर उकास्न क्रियाशील हुनु पर्ने आवश्यकता देखिन्छ । प्राथमिक तहका नेपाली पाठ्यपुस्तकहरूमा कविता बाहेक अन्य विद्यार्थीहरूको नमुना अभ्यासमा सस्वरपठन सम्बन्धी अभ्यासमा ध्यान दिएको

पाईंदैन । त्यसैले भाषा पाठ्यपुस्तकका अभ्यासहरूमा विधानुसारका सस्वरपठन नमुना अभ्यास समाविष्ट गरी परिष्कार र परिमार्जन गर्नु आवश्यक छ ।

भाषिक मूल्याङ्कनका सन्दर्भमा विद्यार्थीहरूमा भएको भाषिक सिपको लेखाजोखा र स्तर निर्धारण गर्न लिखित परीक्षामा मात्र भर पर्ने र त्यसका आधारमा विद्यार्थीका समग्र पक्षहरू मूल्याङ्कन गरी निर्णय दिने परम्परावादी प्रकृतिमाथि पुनर्विचार गरिनु आवश्यक छ । यस क्रममा अन्य सिपहरूको साथै सस्वरपठन क्षमतामा परीक्षण गर्न विद्यार्थीहरूलाई प्रत्यक्ष पढ्न लगाएर सस्वरपठनको मूल्याङ्कन हुनु आवश्यक छ । यसबाट विद्यार्थीहरूमा व्यक्तिगत रूपमा अभ्यास गर्ने तथा पढ्ने सिपको विकास अवश्य हुने देखिन्छ ।

नेपाली भाषा शिक्षणका क्रममा पनि अंग्रेजी शिक्षणमा झैं आदर्श पठनलाई टेप रेकर्ड गरी विद्यार्थीहरूलाई सुनाउने र त्यसका आधारबाट विद्यार्थीहरूको मूल्याङ्कन गर्ने परिपाटीको विकास गरिनु आवश्यक छ । हालसालै प्रयोगमा आएको र निम्न माध्यमिक र माध्यमिक तहमा मात्र प्रयोग गरिएको यो पद्धतिलाई नेपाली विषयका सन्दर्भमा पनि प्राथमिक कक्षादेखि नै अभ्यस्त गराउँदै लगेमा सस्वरपठनको स्तर वृद्धि हुने देखिन्छ ।

आजको युग सञ्चारको युग पनि हो । सस्वरवाचनलाई विधानुसार हाउभाउ मिलाएर ग्रहितासम्म पुऱ्याउने सञ्चार क्षेत्रको भाषालाई पनि आधारका रूपमा लिएर सञ्चार माध्यमबाट प्रसारित विभिन्न साहित्यि तथा अन्य कार्यक्रमप्रति विद्यार्थीहरूलाई सुन्न उत्साहित बनाएर साथै त्यस्ता विषेश कार्यक्रहरूमा स्वयं विद्यार्थीहरूलाई पनि सहभागी गराई उक्त कार्यक्रमको नक्कल गर्न लगाएर सस्वरपठन स्तर उठाउन अभिप्रेरित गर्नुपर्ने आवश्यकता देखिन्छ ।

सस्वरवाचनलाई भाषा शिक्षणको एक सामान्य पक्षका रूपमा मात्र राखी शिक्षण गरेको पाइन्छ तर यसलाई एक पेशागत र व्यवसायिक रूपमा विकास गरेर छुट्टै पूर्ण विधाका रूपमा विकास गर्न सकिने पूर्वाधारहरू प्रशस्तै देखिन्छन् । विश्व सञ्चार जगतमा पढे सुनाउने वा सुनाएर देश विदेशका समग्र गतिविधिका जानकारी गराउने एक व्यवसायिक विधाको रूपमा विकास गर्ने हो भने कैयौं व्यक्तिहरूलाई स्वरोजगार प्राप्त अर्थोपार्जनको प्रभावकारी साधन बन्न सक्छ । यसका लागि सस्वरवाचन विषयमा व्यापक धारणा बनाएर छुट्टै पाठ्यक्रम र पाठ्यपुस्तकको सिर्जना गरेर एवं स्वयमसिद्ध पूर्ण विधाका रूपमा स्थापित गर्ने गराउने गर्न सके धेरै जनसङ्ख्या लाभान्वित हुने कुरा अहिलेका रेडियो, टेलिभिजनको कार्यक्रमलाई लिएमा स्पष्ट हुन्छ ।

गति, यति मिलाएर पढ्न र विराम चिह्नको ख्याल गरी पढ्नमा विद्यार्थीहरूलाई सक्षम बनाउन सर्वप्रथम उनीहरूलाई गति र यतिको विधा अनुसारको सीमा निर्धारण गरी परिचायत्मक ज्ञान दिनु आवश्यक छ । त्यस्तै लेखाइमा प्रयोग हुने विराम चिह्नहरूको स्तर अनुकूल जानकारी गराउँदै प्रयोग अभ्यास र पठन अभ्यास गराउनतर्फ विशेष जोड दिनु आवश्यक छ । यसो गरिएमा गति, यति ख्याल गरी पढ्ने र विराम चिह्नहरूको ख्याल गरी पढ्न, स्तरमा वृद्धि गर्न सकिन्छ ।

सस्वरपठनमा सजीवता प्रदान गर्न अनिवार्य रूपमा हुनुपर्ने हाउभाउको सन्तुलन र विधा अनुसारको भावाभिव्यक्तिमा अधिकांश विद्यार्थीहरू कमजोर रहेका छन् । भाषिकेत्तर तत्व भएकाले यी आफैंमा जटिल त छँदैछन् तापनि सफल शिक्षणको उत्कृष्ट शिक्षण कौशलबाट यस्ता कुराहरूका

विकास गर्न सकिन्छ । यसका निमित्त विशेषत शिक्षकले शिक्षणका क्रममा आंशिक प्रदर्शन र उपयुक्त भावाभिव्यक्तिको सृजना गरेर कक्षाकोठामा विद्यार्थीहरूलाई उत्प्रेरित बनाएर प्रयोगात्मक कक्षा सञ्चालन गरी विद्यार्थीको अधिक सहभागितामा वैयक्तिक शिक्षण गर्नु आवश्यक देखिन्छ ।

सस्वरपठन शिक्षणलाई यसका दायराभित्र मात्र सीमित नगरी बोलाइ शिक्षण र उच्चारण शिक्षणका अधिकांश विधि कार्यकलापहरू अधिकाधिक प्रयोग गरेमा यसमा अतिरिक्त प्रभावकारिता थपिन्छ । किनभने पठनको पूर्वाधार बोलाइ हो भने अर्कातिर सफल सस्वरपठनका केही पक्षहरू जस्तैः आघात, सुर, लय र उच्चारण सम्बन्धी आवश्यक सिपको विकास गर्न सकिन्छ । यसका आधारमा सस्वरपठनमा थप प्रभावकारिता बढ्दछ ।

सस्वरपठनका निमित्त पठनबोध शिक्षण पनि आवश्यक नै हुन्छ । किनभने सस्वरपठनमा पढ्ने पाठक वा प्रस्तोता र सुन्ने श्रोता वा दुवैका निमित्त पारस्परिक बोधगम्यता हुन आवश्यक छ । स्पष्ट नभएको सस्वरपठन सार्थक नहुने हुँदा पठनमा बोध क्षमताको विकास गर्न पठनबोधका आधारभूत क्रियाकलापहरू शिक्षणका क्रममा अपनाउनु राम्रो हुन्छ ।

सस्वरपठन अध्ययनका क्रममा केही विशेष विद्यार्थीहरू पनि फेला परे । पठनका क्रममा अक्मकाएर पढ्ने, थेगो प्रयोग गर्ने, भाषिक प्रभाव देखाउने, दोहोऱ्याएर पढ्ने गरेकोले यसमा आवश्यक पर्ने गति, यति, सुर, लय आदिमा असर गरी पठन निम्न र नजान्ने स्तरको देखिन गयो । यो एक जटिल समस्या हो । यस्ता विशेष विद्यार्थीहरूलाई विशेष किसिमको कक्षा व्यवस्थापन गरी उपचारात्मक र निराकरणात्मक शिक्षण गर्नु पर्ने देखिन्छ । यसो गरेमा सफल सस्वरवाचनका बाधक तत्वहरू हट्न गई आदर्श पठन सफल हुने देखिन्छ ।

अन्त्यमा सस्वरपठनका सर्वाङ्गीण कुराहरूको विकास गर्न यसमा हुनु पर्ने सकारात्मक पक्षहरूलाई बढावा दिने र नकारात्मक पक्षहरूलाई निरुत्साहित पार्ने शिक्षणकौशल नेपाली शिक्षकहरूमा हुनु आवश्यक छ । वर्तमान सन्दर्भमा नेपालमा प्राथमिक तहमा तालिम अप्राप्त शिक्षकहरू त छँदैछन् । तालिम प्राप्त, दक्ष एवं सक्षम शिक्षकहरूले पनि आफूले लिएको भाषिक सिप शिक्षणसम्बन्धी तालिमहरूलाई सिद्धान्तमा मात्र सीमित गर्ने गरेका, शिक्षक आफू निष्कृय भई व्यवहारिक रूपमा कार्यान्वयन गर्न नसकेको तथा सचेत नभएकोले त्यस्ता शिक्षकहरूका ज्ञान प्रयोगमा नल्याई दिनानुदिन विस्मृतिका सीमा नाघेर बेकम्मा भएका छन् । शिक्षकहरूले तालिम लिएका छन्, लिने क्रम जारी छ । पाठ्यपुस्तक र सामग्रीहरू प्रशस्त छन् तर तिनीहरूको प्रयोग छैन । आधुनिक प्रविधिमा नेपाली शिक्षण गर्ने सवालमा यो एक गम्भीर बाधक तत्व बनेको छ । यी सम्पूर्ण कुराहरूको अभिभारा र दायित्व शिक्षककै  हो । त्यसैले यस गम्भीर विषयप्रति सम्बन्धित शिक्षकहरू साथै अध्येताहरूले गहन विचार गर्नु आवश्यक देखिन्छ ।

एकातिर सरकारी विद्यालयमा परम्परागत शिक्षणपद्धतिले घर जमाएको छ । भाषिक सिप विकास सम्बन्धी जानकारी हुँदाहुँदै व्यवहारिक कार्य रूप दिन सकिएको छैन भने अर्कातिर निजी विद्यालयहरूमा बढ्दो अंग्रेजी भाषाको प्रभावले नेपाली भाषा शिक्षणको अस्तितत्व माथि नै प्रश्नचिह्न खडा गरेको छ । यस गम्भीर विषयप्रति सम्बन्धित सबैको ध्यानाकर्षण हुनु आवश्यक छ ।

## ४.३ भावी अध्ययनका लागि सम्भावित शीर्षकहरू

प्रस्तुत कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको सस्वरवाचन सम्बन्धी अध्ययन अनुसन्धान पाँचथर जिल्लाका १० वटा विद्यालयका पहिलो भाषी र दोस्रो भाषी गरी १०० जना विद्यार्थीहरूमा आधारित रहेको छ । यस अध्ययनको लागि सामग्री सङ्कलनको क्रममा पाँचथरका १० वटा

विद्यालयका १०/१० जना विद्यार्थीहरूको नेपाली सस्वरवाचन सम्बन्धी अध्ययन र त्यसमा देखिने समस्याहरूलाई विभिन्न शीर्षक उपशशीर्षकका आधारमा हेरी अध्ययन विश्लेषण गरी त्यसबाट निस्किएको निष्कर्षका आधारमा सुझाव समेत दिने प्रयास गरिएको छ । वस्तुतः यो एउटा सानो क्षेत्रको सानो योजना मात्र हो । यस अध्ययनमा आफ्नो अध्ययनको प्रयोजन अनुरूप संक्षिप्त रूपमा सानो क्षेत्रलाई आधार मानेर अध्ययनका परिणामहरू प्रस्तुत गरिएका छन् । अध्ययनलाई विश्वसनीय वनाउनको निमित्त अध्ययनका वस्तुगत यथातथ्यलाई आधारको रूपमा लिएर यथार्थ कुराहरूलाई संक्षिप्त र सत्य रूपमा प्रस्तुत गरिएको छ । हुन त कुनै पनि कार्य आफैंमा पूर्ण त हुँदैन नै । त्यसैले थोरै विद्यालयमा गरिएको सर्वेक्षण र नमुना अध्ययनका आधारमा मात्र यो अध्ययन तयार गरिएकोले भावी दिनमा सस्वरपठन सम्बन्धी अझै सुक्ष्मतम गहिराइसम्म गएर प्राथमिक तहका अझ अरु विद्यार्थीहरूको पढाइ स्तर के कस्तो छ ? भनी पूर्ण अध्ययन गरी देखिएका समस्या निराकरण गर्नतिर पनि लाग्नु पर्ने आवश्यकता रहेको महशुस गरिएको छ । साहित्यका कथा, कविता, प्रवन्ध, संवाद, नाटक आदि विधाहरूको सस्वरवाचन फरक-फरक हुन्छ । त्यसैले आगामी दिनमा साहित्यका विभिन्न विधाहरूमा सस्वरवाचन क्षमता हेर्नु आवश्यक छ ।

क. कविता, नाटक, संवाद आदि विविध विधामा सस्वरवाचन सम्बन्धी छुट्टाछुट्टै अध्ययन

ख. सस्वरवाचनमा चिह्न प्रयोग सम्बन्धी अध्ययन

ग. सस्वरवाचनमा बोधगम्यताको सम्भावना एक अध्ययन

घ. सस्वरवाचनमा बोधगम्यतामा विधागत प्रभाव सम्बन्धी अध्ययन

ङ. ३, ५, ६, ७, ८ आदि विभिन्न कक्षाका सस्वरवाचन सम्बन्धी छुट्टाछुट्टै अध्ययन

च. मातृभाषा नेपाली नहुने प्राथमिक तहका बालबालिकाको नेपाली सस्वरवाचन सम्बन्धी अध्ययन

छ. सस्वरवाचनमा गति, यति सम्बन्धी अध्ययन

अन्त्यमा सस्वरवाचन सम्बन्धी गरिएको एउटा कक्षाको यो सानो अध्ययनबाट नै भए पनि यस क्षेत्रसँग सम्बन्धित सबै पक्षहरूलाई अध्ययनको उद्देश्य साथै प्रयोजन अनुरूपको थोर बहुत जानकारी यस अध्ययनले अवश्य दिनेछ । भावी दिनहरूमा यसै विषयसँग निकट रहेर अध्ययन अनुसन्धान गर्नुहुने अध्ययनकर्ता शोधार्थी महानुभावहरूलाई साथै जिज्ञासु जो कोहीलाई एउटा महत्वपूर्ण आधारसामग्री अवश्य हुन सक्ला नै । तै पनि यसलाई पूर्णता साथै समग्र अध्ययनबाट आधिकारिकता खोज्न धेरै त्याग, तपस्या, समय, श्रम, लगानीबाट मात्र सम्भव हुने भएकाले आगामी दिनहरूमा सस्वरपठन सम्बन्धी अझै फराकिलो दृष्टि साथै सोच हनुपर्ने आवश्यकता रहेको छ ।

# सन्दर्भग्रन्थ सूची

अधिकारी, हेमाङराज र भट्टराई, बद्रीविशाल (२०६१), *प्रयोगात्मक नेपाली शब्दकोश,* काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

ओझा, रामनाथ र गिरी, मधुसुदन (२०५८), *शोध सिर्जना र संस्कृत काव्यशास्त्र,* काठमाडौंः  न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

जोशी पुष्पराज (२०६६), *अनुसन्धान पद्धति,* काठमाडौंः बुद्ध एकेडेमी पब्लिसर्स ।

पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) (२०५७), *नेपाली बृहत शब्दकोश* (परिवर्तित र संशोधित सातौं संस्करण), काठमाडौंः नेपाल प्रज्ञा प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०६५), *अनुसन्धान तथा प्रतिवेदन,* काठमाडौंः न्यु हिरा बुक्स  इन्टरप्राइजेज ।

बन्धु, चूडामणि (२०५२), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौंः रत्न पुस्तक भण्डार ।

वाग्ले माधवप्रसाद र हिमलाल पुरी (२०५८), *नेपाली भाषा शिक्षण,* (प्रथम संस्करण) काठमाडौंः कोन अपसेट प्रेस ।

शर्मा, मोहनराज (२०५४), *शब्द रचना र वर्ण विन्यास,* काठमाडौंः नवीन प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्र लुइँटेल (२०५२), *शोधविधि,* काठमाडौंः साझा प्रकाशन ।

सापकोटा नीलप्रसाद (२०५७), *नेपाली भाषा शिक्षण* (प्रथम संस्करण), काठमाडौंः देउराली प्रेस ।

त्रिपाठी, वासुदेव (२०६०) *शोध र शोधप्रक्रियका विभिन्न चरणहरू*, शोध र सिर्जना सिद्धान्त, काठमाडौंः  विद्यार्थी पुस्तक भण्डार ।

**शोध पत्रहरू**

आचार्य, होमप्रसाद (२०५४), *कक्षा ५ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

के.सी., गंगाबहादुर (२०५५), *सुर्खेत जिल्लाका कक्षा ५ उत्तीर्ण मगरभाषी विद्यार्थीहरूमा पाइने त्रुटिहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

खड्का, मैया (२०५९), *माध्यमिक तहको नेपाली भाषा पाठ्यक्रम २०३८ र २०५५ को तुलनात्मक अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

मिश्र, सुशीला (२०५६), *कक्षा ५ उत्तीर्ण थारु भाषी विद्यार्थीहरूले नेपाली वाक्य गठनमा गर्ने त्रुटिहरू अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, ताहाचल, त्रिभुवन विश्वविद्यालय ।

वि.क., राजु (२०६१), *कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको सस्वरवाचन क्षमताको अध्ययन,* अप्रकाशित स्नातकोत्तर नेपाली शोधपत्र, त्रिभुवन विश्वविद्यालय सुकुना मोरङ ।

शिवाकोटी, प्रेमप्रसाद (२०५३), *झापा जिल्लाका माध्यमिक विद्यालयका विद्यार्थीहरूको पठन क्षमता सम्बन्धी अध्ययन,* प्रकाशित स्नातकोत्तर अंग्रेजी शोधपत्र, त्रिभुवन विश्वविद्यालय ।

सुवेदी, भूमिप्रसाद (२०६७), *पाँचौं कक्षामा अध्ययनरत विद्यार्थीहरूका सस्वरवाचन सम्बन्धी अध्ययन,* अप्रकाशित स्नातकोत्तर नेपाली शोधपत्र, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर ।

## परिशिष्ट - १

## अध्ययनमा प्रयोग गरिएको जाँच सूची

### जाँचसूचीको नमूना (संस्थागत विद्यालय तर्फ)

विद्यालयको नाम : श्री नयाँ नमूना मा.वि., फिदिम, पाँचथर

प्रधानाध्यापकको नाम : श्री टंकनाथ मिश्र विषय शिक्षक : श्री गोपाल ढुंगाना

| क्र. . | विद्या र्थीहरुको नाम | सस्वरवाचनमा हुनु पर्ने कुराहरु | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | गा तयति मि लाउनु पर्ने | वि राम ि चन्ह ख याल ग र्नु पर्ने | हाउ भाउको सन्तु लन मिला उनु पर्ने | विधानु सार भावाभि व्यक्ति मिलाउ नु पर्ने | सु र लय आघात ख याल ग र्नु पर्ने | बा ध्य हु न पर्ने | स्पष ट उच चारण | अक मकाउन नहु ने | दोह ोऱ्याएर पढ न नहु ने | थे गो प्र योग ग र्न न हुने | भा षिक प्र भाव ह न स क्ने |
| | विना शर्मा | ✔ | | ✔ | ✔ | | | ✔ | - | - | | |

| 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 | 13 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | गोपी राई | - | | - | - | | | - | ✔ | ✔ | | ✔ |
| | समीर थापा | - | | - | - | | | - | - | - | | |
| | गोपाल थेबे | - | | - | - | | | - | - | - | | |
| | विमला लिम्वु | ✔ | ✔ | ✔ | ✔ | ✔ | ✔ | - | - | - | | |
| | सिर्जना वानीयां | - | | - | - | | | - | - | - | | |
| | रीया न्यौपाने | ✔ | ✔ | ✔ | ✔ | ✔ | ✔ | ✔ | ✔ | | | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नीती रिजाल | - | | - | - | | | - | ✔ | ✔ | ✔ | ✔ |
| | रमेश राई | - | | - | - | | | - | - | - | | |
| ० | तिलो चन शेर्पा | ✔ | | ✔ | ✔ | | | ✔ | - | - | | |

# अध्यनमा प्रयोग गरिएको जाँच सूचीस(

## जाँचसूचीको नमूना(सामुदायिक विद्यालय तर्फ)

विद्यँलयको नाम : श्री थर्पू उ.मा.वि.,थर्पू, पाँचथर

प्रधानाध्यापकको नाम : श्री रामवहादुर लक्सम विषय शिक्षक : श्री कमल सुन्दास

| | | सस्वरवाचनमा हुनु पर्ने कुराहरु | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क. | | ग<br>ति यति | वि<br>राम | हाउ<br>भाउको | विधान्<br>सार | सु<br>र लय | बा<br>य | स<br>पष्ट | अव<br>मकाउन | दो<br>होयाएर | थे<br>गो | भाषि<br>क |

| . | विद्यार्थीहरुको नाम | ि मलाउनु प र्ने | चि न्ह ख्य ाल ग र्नु पर्ने | सन्तु लन मिला उनु पर्ने | भावा भव्यक्ति मिला उनु पर्ने | आघात ख याल ग र्नु पर्ने | हुन पर्ने | उ च्चारण | नहु ने | पढ न नहु ने | प्र योग ग र्न न हुने | प्रभाव हन सक्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | वासन मङ्गरान्ती | | | ✔ | ✔ | | | | | | | - |
| | बादल सुव्वा | | | - | - | | | | | | | - |
| | विजय मावो | | | - | - | | | | | | | - |
| | वर्षा मावो | | | - | - | | | | | | | - |
| | मीना सुवेदी | | | ✔ | ✔ | | | | | | | - |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | रीता सुवेदी | | ठन | ज ान्दैन | - | | | | | | | - |
| | रोहित कार्की | ✓ | ✓ | ✓ ✓ | ✓ ✓ | ✓ | ✓ | ✓ | | | | - |
| | मन्जु सिवा | | | - | - | | | | | | | |
| | दीपक तावा | | | - | - | | | | | | | - |
| o | तिलोचन शेर्पा | | | | | | | ✓ | | | ✓ | - |

## परिशिष्ट- २

## सस्वरवाचनको निमित्त दिइएको पाठ्यसामग्री

**कथा : बजा लौरी डाङडुङ**

दिलबहादुर आफ्नो झुपडीमा रमाएर बसेको थियो । लेकमा उसको थोरै बारी थियो । त्यही बारीमा मकै, कोदो आदि लगाउँथ्यो र जेनतेन आफ्नो जीविका चलाउँथ्यो । ऊ उज्यालो भएपछि बारीमा जान्थ्यो र अँध्यारो भएपछि फर्कन्थ्यो । एक दिन दिलबहादुर मकै छर्न आफ्नो बारीतिर लाग्यो । उसँग खाजाका लागि कोदाको राटी थियो । दिउँसोतिर ऊ खाजा खान एउटा रुखको छायाँमा बस्यो । उसले रोटीको पोको फुकायो र एक ढिको नून र एक ढिंडी खुर्सानी पनि झिक्यो । एउटा रोटीलाई सात टुक्रा पार्‍यो । रोटीका टुक्राहरू गन्दै भन्न थाल्यो 'एक खाऊँ, दुई खाऊँ, तिन खाऊँ, चार खाऊँ, पाँच खाऊँ, छ खाऊँ कि सातओटै खाऊँ' । संयोगले ऊ बसेको रुखमुनि ठूलो ओढार रहेछ । त्यहाँ राक्षसका सात जना बच्चाहरू बस्दा रहेछन् । दिलबहादुरले सातओटै खाऊँ भनेको सुनेर राक्षस डरायो र भन्न थाल्यो 'नखा मनुक्खे नखा, मेरा बालकहरू नखा । तँलाई खीरपाक ताउली दिउँला ।' यति भन्दै राक्षसले दिलबहादुरलाई खीरपाक ताउली दियो ।

खीरपाक ताउली लिएर दिलबहादुर आफ्नो घर फर्क्यो । उसकी फुपू घरमा आएकी रहिछिन् । फुपु चाहिं छुच्ची र लोभी स्वभावकी थिइन् । गतिलो सामान देख्यो कि माइतबाट लुकाएर आफ्ना घरतिर पुऱ्याउँथिन् । बेलुकीपख दिलबहादुरले खीरपाक ताउलीको परीक्षा गर्ने विचार गर्‍यो । आफू अगाडि ताउली राखी 'खीर पाक ताउली' भन्यो । साँच्ची नै ताउलीमा खीर पाक्यो । यो देखेर फुपू पनि छक्क परिन् ।

**संवाद : विहेको निम्तो**

शनिवारको दिन थियो । अञ्जनाका बाबुआमा बजारतिर गएका थिए । घरमा अञ्जना एक्लै थिइन् । रमेश त्यहाँ आए अनि अञ्जनासँग कुराकानी गर्न थाले ।

रमेश : नानी यो महेशजीको घर हो ?

अञ्जना : हो के कामले सोध्नुभएको होला ?

रमेश : ए, ठीकै ठाउँमा पो आइएछ । म महेशजीको साथी रमेश, पल्लो गाउँबाट आएको हुँ ।

अञ्जना : नमस्कार काका ! म उहाँकी छोरी अञ्जना । माफ गर्नुहोस् है काका, मैले तपाईंलाई चिन्नै सकिनं । बुबा बरोबर तपाईंको नाम लिइरहनुहन्थ्यो ।

रमेश : कसरी चिन्नु त तिमीले ? म यता नआएको धेरै भयो । म आउँदा तिमी साह्रै सानी थियौ । अनि बुबा खोई त ?

अञ्जना : बुबा बजारतिर जानु भएको छ । आइपुग्ने बेला भयो । काका यता बस्दै गरौं न ।

रमेश : खुब तिर्खा लागेको छ । पानी खुवाऊ न ।

(अञ्जनाले एक अम्खोरा पानी ल्याइन्)

अञ्जना : लिनुहोस् काका पानी ।

**प्रबन्ध : बचत गर्ने बानी**

बचत गर्नु असल बानी हो । बचत गर्नाले सबैको हित हन्छ । यसले हामीलाई जीवनमा सफल बनाउँछ । त्यसैले हामीले पैसा विचार गरेर खर्च गर्नु पर्छ । समाजका सबै मानिसले बचत गर्न सक्दैनन् । धनी मानिसले बढी बचत गर्न सक्छन् । धनी मानिसहरूको सङ्ख्या थोरै छ । धेरैजसो मानिस गरिब छन् । उनीहरू पैसा बचत गर्न

सक्दैनन् । उनीहरूलाई छाक टार्न धौ धौ पर्छ । तर उनीहरूका लागि पनि बचत गर्नु आवश्यक छ ।

पैसा खर्च गर्दा बडो होस पुऱ्याउनुपर्छ । आफूले कमाए जति सबै खर्च गरेमा भविष्यमा दुःख हुन सक्छ । आफू अशक्त, बिरामी र कमाउन नसक्ने भएको अवस्थामा बचत गरेको रकमा काममा आउँछ । केही मानिसहरूमा सोच विचार बिना नै पैसा खर्च गर्ने बानी हुन्छ । उनीहरू चाडपर्व, बिहे, ब्रतवन्ध जस्ता कार्यमा फजुल खर्च गर्छन् । अरुलाई देखाउन बिनासित्तिमा बढी पैसा खर्च गर्छन् । यो राम्रो बानी होइन । पैसा बढी खर्च गरेर मात्र चाडपर्व र व्यवहारिक कार्य सम्पन्न हुने होइन । यसका लागि त श्रद्धा हुनुपर्छ । आफ्नो अवस्था हेरेर चाडपर्व मनाउनुपर्छ । बिहे, ब्रतवन्ध र अन्य चाडवाडमा पनि बढी खर्च गर्नु हुँदैन ।

**कविता : पाप लाग्छ**

नटिप्नु हेर कोपिला

नचुँड्नु पाप लाग्दछ

नच्यात्नु फूल नानी हो

दया र धर्म भाग्दछ ।

नछोप्नु है चरीवरी

सराप आँसु लाग्दछ

नमार्नु जन्तु है कुनै

बसेर काल जाग्दछ ।

न घाउ चोट लाउनु

सडेर चित्त पाक्दछ

धुलो नखेल्नु नानी हो

उडेर भित्र ढाक्दछ ।

# परिशिष्ट - ३

## अध्ययनमा समाविष्ट विद्यालयहरू र सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरू

१. श्री थर्पू उ.मा.वि.थर्पू मेदिबुङ्ग पाँचथर

प्र.अ.श्री रामबहादुर लक्सम

२. श्री विष्णु उ.मा.वि.च्याङ्थापू पाँचथर

प्र.अ.श्री मुक्तिनाथ रिमाल

३. श्री सिंहकाली नि.मा.वि.तिम्तिम्वू फलैंचा पाँचथर

प्र.अ. श्री डिल्लीराम दाहाल

४. श्री सिरिसे नि.मा.वि. थर्पू पाँचथर

प्र.अ. श्री भीष्मराज कोइराला

५. श्री जनकल्याण प्रा.वि. थर्पू पाँचथर

प्र.अ. श्री युवराज पोखरेल

६. श्री रकवेल्ट अंग्रेजी स्कूल च्याङ्थापू पाँचथर

प्र.अ. श्री गर्जमान गुरुङ

७. श्री साइनिङ अंग्रेजी स्कूल थर्पू पाँचथर

प्र.अ. श्री ईश्वरीप्रसाद सापकोटा

८. श्री सनसाइन अंग्रेजी स्कूल थर्पू पाँचथर

प्र.अ. श्री लवहाङ तावा

९. श्री मेची अंग्रेजी स्कूल फिदिम पाँचथर

प्र.अ. श्री सीता सेलिङ

१०. श्री नयाँ नमुना मा.वि., फिदिम, पाँचथर

प्र.अ. श्री टंकनाथ मिश्र

# नेपाली शिक्षा विभाग

## सुरङ्गा, झापा

## २०६७

## संकेत चिन्हहरु

अत्युत्तम

उत्तम

मध्यम

निम्न

नजान्ने